# अध्याय : एक (CHAPTER–ONE)

## १. परिचय (Introduction)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

धर्तीलाई माता, जननी भनी परापूर्वकालदेखि पुजिदै आएको नेपालमा महिला शक्तिको महिमा अनन्त छ । पौराणिक कालदेखि मनाउँदै आएको विभिन्न पुजाआजामा समेत शक्तिमाताको स्थान अग्रणी सीता, तारा, भृकुटी नारी शक्तिका उदाहरणहरू हुना पौराणिक समयमा पनि नारी शक्तिको महिमा अनन्त रहेको कुरा विभिन्न वेद, पुराण स्तुती, काव्य महाकाव्यमा समेत वर्णित रहेको ज्ञान नै छ (पौडेल, २०६२) ।

शास्त्रीय मान्यताअनुसार नारीलाई आधाशक्ति आधा प्रकृति विराट रुपिणी, सर्वमाता सवैवन्धा सर्वपुज्य जगत व्यापीनी सृष्टिस्थित्यन्त करिणीको रूपमा कम्याएको देखिन्छ । आमाको रूपमा छोरीको रूपमा, पत्नी वा प्रेरिमकाको रूपमा, बुहारीको रूपमा, सखीको रूपमा नारी शक्तिलाई सम्मानित रूपमा, पुजित रूपमा एक प्रतिष्ठीत बनाउँदै नव जागृती ल्यार शक्ति, शान्ति समृद्धियुक्त राष्ट्रको निर्माण गर्न सकिन्छ भन्ने उच्च सन्देशहरू हाम्रो पूर्वीय ऋषिमुणीहरूको प्रशस्त दिएका छन् (कोइराला, २०६७) ।

सामान्यता महिला सशक्तिकरण भन्नाले महिलाहरू राजनैतिक आर्थिक सामाजिक कानुनी व्यक्तिगत तथा समुहगत संस्थागत शैक्षिक रोजगारी स्वास्थ्य जमिन धनसम्पत्ति आदि क्षेत्रहरूमा सामानता र समान संरक्षण महिला हिंसाको उन्मुलन सर्वाङ्गिण विकास र स्वतन्त्रता जस्ता पक्षहरूको अनुभव दिलाउन सक्नु हो भन्ने बुझिन्छ । जसबाट महिलाहरूले आफ्ना व्यक्तित्व विकास निर्णय गर्नसक्ने क्षमताको विकास आत्मियता एवम् आत्मविश्वास सामाजिक प्रतिष्ठा रोजगारीमा अग्रसर आय आर्जनमा अग्रसरता आफ्नो स्वस्थ्यको अधिकार आदि सेवा सुविधाहरूको उपयोग गर्न पाएमा पक्कै पनि उनिहरूको सर्वाङ्गण विकास हुन्छ । यसको देशको आर्थिक विकासमा पनि प्रभाव पार्ने कुरामा दुईमत छैन (राष्ट्रिय महिला आयोग, २०६६) ।

महिलाले गर्ने धेरै जसो कार्यलाई आर्थिक गतिविधिका रूपमा गणना नगरिनुले उनिहरूको अर्थतन्त्रमा रहेको योगदान लाई सहि तरिकाले मुल्याङ्कन गर्न सकिएको छैन । सन् १९९१ सयूक्त राष्ट्र संघले गरेको सर्वेक्षणमा जम्मा ४५.२ प्रतिशत महिला आर्थिक रूपको थियो । सक्रिय देखिएको थिए भने पुरुष ६८.२ प्रतिशत रहेको थियो । सन् १९९६ मा नेपालको कुल महिलाको जम्मा ७ प्रतिशत मात्र परिश्रमीक  प्राप्त हुने रोजगारीमा रहेका थिए भने ३० प्रतिशत विभिन्न अनौपचारिक  आर्थिक गतिविधिमा संग्लन रहेका थिए बांकि रहेका ६३ प्रतिशत महिला श्रम कुनै मौद्रिक मुल्य थिएन (त्रिभुवन विश्वविद्यालय, १९९६) ।

नेपाल महिला सशक्तिकरणको अवस्था अत्यन्त जटिल रहेको छ । ज्ञान  क्षमता र विश्वास हुँदाहुदै पनि समय र सिपको प्रयोग गर्नै अनिच्छाको कारण  महिलाहरू पछि परेका छन । महिला सशक्तिकरणले महिलाहरूको सामाजीक, संस्कृतिक, आर्थिक र राजनैतिक विकासका लागि महिला श-शक्तिकरणले मह□वपूर्ण भूमिका खेलदछ । यसको परिणामा स्वरूप एउटा सबलराष्ट्रको निर्माण गर्ने ढोका खोल्दछ । नेपाली महिला सदियौं देखी बिभिन्न प्रकारका हिंसा तथा भेदभाव पिडित र सामाजिक आर्थिक एवम् राजिनैतिक अधिकारबाट बञ्चित हुदै आएका छन् । यस क्रममा बिगत दुई दशकको सशक्तिकरण प्रयासले तुलनात्मक रूपमा निकै उपलब्धि हासिल भएका छन । यु एन बुमनको यो प्रतिवेदनले नेपाल महिला अधिकारको निउमा  नितिगत रूपमा सकरात्मकपरिर्वतन ल्याउन सफल बिश्वकै एक उदाहरणीय मुलुक बनाएको छ (शर्मा, २०६९) ।

मानव अधिकार नै महिला अधिकार हुन् । तसर्थ महिलाहरूले पनि ति सबै अधिकार पाउनु पर्दछ । नेपालको आन्तरिम संविधान २०६३ले लैंगिक समानता र महिला सशक्तिकरणको पक्षमा संविधानमा बिशेषता भएका प्रावधानहरूलाई धारा २० महिलाको मौलिकहक, समानताको प्रत्याभुती र सकारात्मक प्रावधान गरी तीन वटा शिर्षक अन्तरगत राखेको पाईन्छ । त्यस्तै धारा ३३ मा लैंगिक भेदभावको अन्त्य एवम् राज्य संरचनामा महिलाको समानुपातिक सहभागीताको सुश्निचितता राज्यको दायित्व मानिएका छ । धारा ३४ मा लैगिंक रूपमा आर्थिक शोषण हुन नपाउने अवस्थालाई राज्यका निर्देशक सिद्धान्तमा लिएको छ र धारा ३५ मा सामान्य एवं विशेष अवस्थाका महिलाहरूलाई लक्षित गरि सहभागिता सकारात्मक विभेद तथा सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति राज्यको हुने उल्लेख गरिएको छ (कानुन किताब व्यवस्था समिति, २०६३) ।

मूलुकमा विद्यमान केहि प्रविधीहरूले झिनो रूपमा भएपनि सकारात्मक छन् । बढ्दो साक्षरताले गर्दा अलि कम बच्चा जन्माउने, विवाह गर्दा अलि बढ्दो उमेरमा गर्ने बढ्दो राजनीतिकरण आदि महिला श-सक्तिकरणमा सकारात्मक योगदान पुऱ्याउन सक्ने खालका प्रवृतिहरू हुन् । महिलाहरूले नेतृत्व लिएको मदिरा विरोधी आन्दोलन, पैतृक अशं सम्बन्धि आन्दोलन र पविर्तन चाहने विभिन्न महिला समुदायहरूले पनि महिला  स्वास्थ्यको उपयोग र विकासको लागि सकारात्मक योगदान पुऱ्याईरहेका छन् (खनाल, २०६६) ।

पुरुष प्रधान परिवारलाई नै पितृसतात्मक भनिन्छ । यसमा धर्मको धेरै ठूलो प्रभाव परेको भेटिन्छ । एशियाका प्रमुख धर्ममा परम्परागत रूपमा  विकसित हुँदै आएको प्रवृतिपुषा, सशनताधर्म, बौद्ध धर्म, हिन्दुधर्म, क्रिश्चियन धर्म, मुश्लिम धर्म । यी सबै धर्मले कुनै न कुनै  रूपमा पितृसत्तालाई समर्थन गर्दै आएको छन । जापान र नेपाल दुवै देशमा पुरुष प्रभुत्व हैकमलाई ईश्वरको इच्छा, आदेश र परम्पराका रूपमा स्वीकार  गरेको पाइन्छ । प्राचीन समाजमा स्त्री  प्रभुत्व प्रचलनमा रहेपनि सामाजिक विकास त्रममा त्यसले कोल्टे फेरेर पुरुष प्रभुत्व बढ्दै गएको छ । हाम्रो जस्तो पितृसतात्मक समाजमा विशुद्ध गृहिणी ले मुख खोलेकोत्यति रुचाउँदैन । कुनै विषयमा आफनो राय व्यक्त गरेमा जान्ने भएकी लोग्ने मानिस हुँदाहुँदै पवाक्क बोन्ने भनेर आक्षेप लगाइन्छ । घर गृहस्थीको कुनै कुनै समयमा पतिपत्नीका बिचमा बहस र छलफल हुँदा पत्नीले  बोले त्यहाँ उपस्थित जनमानसले मुख हुँदा हुँदै नाकले खाने भन्ने राय पनि व्यक्त गर्दछन् । महिलाहरूको समस्याबारे छलफल गर्ने विषय धेरै छन् । महिलाहरूले घर बाहिर भोग्नुपरेका समस्या सँगसगै घर भित्रै, कोठा भित्रै पनि थुप्रै चुनौतिहरू सामना गर्नुपरेको छ । जस मध्ये घरेलु हिंसा पनि एउटा हो । घरेलु हिंसाको मूख्य कारण पितृसत्तात्मक पारिवारिक व्यवस्था हो । विश्वका अधिकाशं देशहरूमा जस्तै नेपालमा पनि प्राचिन समय देखि पितृसत्तात्मक व्यवस्था थियो । जेठो छोरो र पिता नै परिवारको प्रमुख हुने पितृसत्तात्मक व्यवस्था मह□वपूर्ण आर्थिक निणर्य र अरु निर्णयहरू प्रमुख सदस्यहरूले गर्दछन् । परिवार भित्रै महिलाले विविध हिंसा सहनु परेको मूख्य कारण सन्तानमा  छोरा पछि मात्र छोरीको स्थान रहनुले नै हो । हाम्रो समाजमा विवाह गरेर छोरी घर पठाउँदा दाईजोको रूपमा नगद जिन्सी दिने प्रचलन रहेकाले थोरै नगद वा दाईजो ल्याउने महिलालाई वचन लगाउने वा हातै हालेर कुटने र मार्ने समेत गरिन्छ ।घरेलु हिंसाको मूख्य कारण दाईजो र छोराको जन्मसँग जोडिएको छ । दाईजो कम भयो भनेर मानसिक, शारिरिक यातना दिदैं जलाईदिने घट्ना थुप्रै भएका छन् । महिलाहरू विरुद्ध हिंसा

सम्बन्धि छापिएका समाचारलेपत्रिका रंगिएका हुनछन् । हरेक दिन महिला बेचबिखन, बलात्कार, बोक्सीको आरोपमा कुटपिट र दिशापिसाब खुवाइएका देहव्यापार आदिमा लागेका र लगाइएका महिला विषयक समाचारको बाहुल्य देख्न सकिन्छ (पौड्याल, २०६७) ।

महिला स-शक्तिकरणका लागि नेपालमा विभिन्न प्रयासहरू भईरहेका छन् । महिला विरुद्धका सबै विभेद र हिंसाको अन्त गरि महिलाहरूको हक अधिकारको संरक्षण एवं प्रवर्धनका लागि राज्यले अधिकारवादी अवधारणाको अवलम्वन गरि नीतिगत कानुनी र संस्थागत सुधारको साथै विकासका कार्यहरू सञ्चालन गर्दै आईरहेको छ । विभेदकारी कानुनहरूमा संशोधन गरि महिला सहभागिता बढाई आय आर्जन तथा स्रोत साधन माथि महिलाहरूको पहुँच र नियन्त्रणमा वृद्धि गर्ने प्रयास समेत हुँदै आएका छन् । यसरी महिला स-शक्तिकरणले आर्थिक विकासमा पुऱ्याउने योगदान मह□वपूर्ण हुने भएता पनि यथार्थमा महिलाहरूको स्थिती भने नितान्त अयनीय र नाजुक रहेको राज्य, समाज, घर परिवारद्वारा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक र स्वतन्त्रताका नाममा पहिलो दर्जाको चिन्तन र नेतृत्वका वकालत गरेपनि व्यवहार हेर्दा महिला अहिले पनि पछाडि नै परेका छन् । यिनै परिप्रेक्ष्यमा वर्तमान महिला स-शक्तिकरणले उनीहरूको सामाजिक तथा आर्थिक विकासमा पारेको प्रभावलाई हेर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाली संस्कृति आंलकारिक शब्दमा "नारी शक्तिलाई आधाशक्ति" मानिएको भएतापनि नारीलाई ताडनका पात्रको रूपमा मात्र आत्मसाथ गरिएको छ । यो दैध मानसिकताकै आधारमा महिलाहरूलाई हेर्ने आधार पुरुषको भन्दा फरक मानिएको छ । महिलाहरूसँग क्षमता छ तर त्यसलाई प्रयोग गर्न सक्ने सामर्थ्य छैन कोही कतै प्रयोग गरेता पनि त्यसलाई निरन्तरता दिनसक्ने संस्थागत संलग्नता छैन । यस अर्थमा नेपाली महिलाहरू सशक्त भएर अगाडी बढ्नुको सट्टा अझ्ा अशक्त भएर पछाडी परिरहेको अवस्था रहेको छ । महिलालाई सामानीक रुढीवादी परम्पराले दबिएका छन् त्यसमा "पोथी वास्नु हुन्न" भन्ने रुढीवादी संकुचीत सोचका मुखदर्शक बनेका छन् । सामाजीक मर्यादाले गर्दा सुधारिएका छन् । सामान्यतया विवाह पश्चात नेपाली नाराहरूको आफ्नो परिचय हराउँदछ । श्रीमानको अनुमति विना कुनैपनि निर्णय लिने अधिकार हुँदैन संगैमा पुरुषले धेरैदिन एक्लै घरदेखि वाहिर वसेपनि अथवा अर्की श्रीमती लिएर आएपनि पुरुषको त्यो कार्य समाजमा

निन्दीत हुँदैन तर महिलाहरूलाई सामाजीक गतिविधिमा सहभागी हुन संघ संस्थामा लाग्न विद्यालय विना पुरा गर्न जागीर गर्न पनि वन्देज गरिएको अवस्था रहेको पाइन्छ । उनीहरू मात्र छोराछोरीको हेरचार गर्ने गाइवस्तुको स्याहारसुसार गर्ने करेसावारीको काम गर्ने दाउरा र खानाको वन्दोवस्त गर्ने काममा व्यस्त हुनुपर्ने वाध्यता रहेको छ (जोशी, २०६८) ।

धर्म परम्परालाई निरन्तरता दिने नाममा नेपाली महिलाहरूको धेरै संस्था सामाजीक तथा आर्थिक समस्या झेल्न बाध्य छन् । छोरीलाई विद्यालय नपठाउने छोरा र छोरीमा विद्यालय शिनामा भेदभाव गर्ने जसको कारण छोरालाई राम्रा निजी विद्यालय पठाउने औषधी उपचारका नाउमा कम खर्च गर्ने जस्तो कार्यहरू समस्याहरू समाजमा व्यस्त रहेकाछन् । जसको कारण महिलाहरू आर्थिक तथा सामाजीक विकास हुन सकेको छैन । यिनै वास्तविकताहरूको लेखा जोखा गर्न महिला सशक्तिकरणले महिलाहरूको आर्थिक सामाजीक शैक्षीक अवस्थामा के कस्तो प्रयासहरू भएको छन् त्यसमा यो अनुसन्धान लक्षित रहेको छ ।

महिला क्षेत्रमा काम गर्ने धेरै संस्थाहरू उम्रिएका छन् तर सशक्त भन्दा बढी अशक्त महिलाहरूको सङ्ख्या बढी देखिन्छ । धर्म, परम्परा संस्कार रितिरिवाजले महिलालाई यसरी बाधेको छ कि कुने गाँठो सहजै खोल्न सकिदैन र पुरुषहरूको सहयोगको अभाव टड्कारो देखिन्छ । जनसङ्ख्याको हिसाबले ५१ प्रतिशत भन्दा बढी हिस्सा ओगटेको महिलाहरू आर्थिक क्रियाकलापमा न्यून सहभागिता छ । घरभित्रका काम जसको मूल्य तोकिएको छैन । कृषि जुन पेशा आफ्नै पेशाको रूपमा लिएको छैन । त्यस्ता क्षेत्रहरू महिलाका लागि छुट्याइएको छ त्यसैले आर्थिक विकासमा पुऱ्याएको योगदान मूल्याङ्कन छैन भएपनि ज्यादै न्यून मात्र छ । २०६३ पछि नेपालमा महिलालका क्षेत्रमा कानून रूपमा केही मह□वपूर्ण कार्य भएपनि कार्यान्वयन सन्तोषजनक छैन जसले कानुन रूपमा झन् विरोधाभाष निम्ताएको देखिन्छ (सुवेदी, २०७२) ।

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य महिला सशक्तिकरणले उनीहरूको सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन गर्नु हो । यस अध्ययनको विशिष्ट उद्देश्य निम्नानुसार छन् ।

१. महिलाहरूको सामाजिक आर्थिक र शैक्षिक अवस्था पत्ता लगाउनु ।
२. महिला सशक्तिकरणले उनीहरूको सामाजिक आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभाव विश्लेषण गर्नु ।
३. महिला सशक्तिकरणका लागि सुझावहरु प्रस्तुत गर्नु ।

## १.४ अनुसनधान प्रश्न (Research Question)

यस अध्ययनले अध्ययन क्षेत्रका महिलाहरूसँग सम्बन्धित रहेर निम्न अनुसन्धान प्रश्नहरूको उत्तर खोजीगर्ने प्रयास गरिएको छ ।

क) यस अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक अवस्था कस्तो रहेको छ ?
ख) यस अध्ययन क्षेत्रका महिलाहरूको आर्थिक अवस्था कस्तो रहेको छ ?
ग) अध्ययन क्षेत्रमा रहेका महिला सशक्तिकरणले आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?
घ) यस अध्ययन क्षेत्रका महिलाहरूको घरायसी पारिवारिक निर्णयमा कस्तो भूमिका छ ?
ङ) व्यक्ति र पारिवारिक निर्णयमा महिलाहरूको सहभागिता कस्तो रहेको छ ?

जस्ता प्रश्नहरूको उत्तर खोजी गर्ने यस अध्ययनको अनुसनधानात्मक प्रश्नहरू रहेका छन् ।

## १.५ अध्ययनको महत्व (Significance of the Study)

आजको २१ औं शताब्दीमा महिला र पुरुषलाई एउटै रथका दुई पाग्राको रूपमा अध्याउने गरिन्छ । यदि एउटा पाँग्रा बिग्रियो भने त्यो रथ राम्रोसँग अगाडि बढ्न सक्दैन त्यस्तै जबसम्म महिला पूर्ण रूपमा सशक्त हुदैनन् तबसम्म एकतर्फी विकास गरेर राज्यले पूर्णता पाउन सक्दैन । त्यसैले महिला विकास र सशक्तिकरण बिना देशको विका हुन असम्भव छ । नेपालका अधिकांश जनताहरू ग्रामिण क्षेत्रमा बसोबास गर्दछन् । जहाँ राज्यले हरेक दृष्टिकोणबाट समान रूपले सुविधाहरू उपलब्ध गराए पनि त्यसको भागेदार हुन सकिरहेका हुँदैनन् जसमध्येमा कुल जनसङ्ख्याको आधाभन्दा बढी ठाउँ आगेटेका महिलाहरूको अवस्था भने तुलनात्मक रूपमा कमजोर देखिन्छ । पुरुषहरूको तुलनामा

सामाजिक आर्थिक, शैक्षिक, राजनैतिक तथा कानुनी क्षेत्रमा सीमित अवसर र अधिकारका कारण महिलालाई रहेको देखाइएको छ । झनै ग्रामिण महिलाहरू रहेका छन् । उनीहरको जीवनस्तर उठाउनमा महिलाहक अधिकार र सशक्तिकरण हुनु आवश्यक छ । किनकी, महिलानै बालबालिकाको पहिलो शिक्षिका र समाजको जननी हुन् । नेपालको अन्तरीम संविधान र अन्तरीम योजनामा समेत विशेष व्यवस्था भएको महिला सशक्तिकरणले उनीहरूको आर्थिक विकासमा कस्तो योगदान पुऱ्याउन सक्छ भन्ने कुराको खोज यस अध्ययनको मह□वपूर्ण पाटो रहने छ ।

वर्तमान अवस्थामा नेपाली समाज पनि झण्डै त्यस्तै भएकाले यस अध्ययन मह□वपूर्ण रहेको छ । यो अध्ययनले सम्पूर्ण नेपाल भरिको महिलाका अवस्थाबारे प्रकाश पार्न नसके पनि झापा जिल्ला चकचकी गाविस वडा नं. ७ का महिलाहरूका महिलाका आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कस्तो प्रभाव पारेको छ भन्ने अध्ययन गर्नका लागि सहयोगी बन्न सक्छ, साथै महिला सशक्तिकरणको क्षेत्रमा काम गर्न विभिन्न संघ संस्था गैरसरकारी सरकारी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका लागि थप सामग्री, महिला क्षेत्रमा नै काम गर्न व्यक्ति, योजनाकार, कानुन विज्ञहरूको कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन सहयोग बन्न सक्छ । त्यस क्षेत्रको महिलाहरूको सामाजिक आर्थिक अवस्थाको वास्तविकता नजिकबाट थाहा पाउन सकने भएकाले अनुसन्धान कर्तालाई नेपाली महिला जगतको अवस्थाको बारेमा थाहा पाउन सजिलो हुन्छ ।

## १.६. अध्ययनको सिमा (Limitation of the Study)

अनुसन्धान आफैमा एक जटील मह□वपूर्ण धेरै समय श्रम र आर्थिक पक्षको आवश्यकता पर्ने कार्य हो । यसले तोकिएको शिर्षकको सम्पूर्ण पक्षहरूलाई अध्ययनमा समेट्न नसकिने हुँदा यसलाई निश्चित क्षेत्रमा निर्धारण गरि सिमितिकरण गर्नु आवश्यक पर्ने भएकोले यस अध्ययनलाई झापा जिल्लाको चकचकी गा.वि.स. बडा न. ७ का विवाहित महिलाहरूमा मात्र सिमित गरिएको छ । यस अध्ययनका सिमाहरू निम्नअनुसार रहेको छनः

१. यस अध्ययनमा झापा जिल्लाको चकचकी गा.वि.स. बडा न. ७ लाई अध्ययन क्षेत्र लिईएको छ ।

२. यस अध्ययनले झापा जिल्लाको चकचकी गा.वि.स. बडा न. ७ भित्र बसोवास गर्ने विवहित महिलाहरूलाई मात्र लिइएको छ ।

३. यो अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक आर्थिक अवस्था महिला सशक्तिकरण र निर्णय प्रकृयमा महिलाहरूको भुमिका केन्द्रित गरिएको छ ।

४. यस अध्ययनले झापा जिल्लाको महिलाहरूको प्रतिनिधित्व गरेपनि नेपाल अधिकाराज्य भरिका महिलाहरूको प्रतिनिधित्व नगर्ने देखिएको छ ।

५. महिला सशक्तिकरण भन्नाले महिलाहरूको स्रोत र साधनमा पँहुच, परिवारका आर्थिक प्रमुख निर्णयहरूमा संग्लन र सम्पत्तिमा समान अधिकार, घरायसी निर्णयमा महिलाहरूको समान अधिकारलाई तत्वहरूलाई बुझाउने छ ।

६. यस अध्ययनमा प्रश्नावली र अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

७. यस अध्ययनमा अन्तरवार्ता र प्रश्नावली माध्यमबाट प्राप्त तथ्याङ्कलाईं विभिन्न तथ्याङ्क बिच तालिका चार्टद्वारा विश्लेषण गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको अर्थ (Meaning of Main Terms)

| | | |
|---|---|---|
| सशक्तिकरण | - | महिलामा भएको परिवर्तन |
| सशक्त | - | बलियो |
| पहुँच | - | प्राप्ति |
| सक्षम | - | कुनै पनि कार्यका लागि तयारी |
| साक्षर | - | सामान्य लेखपढ गर्न सक्ने |
| निरक्षर | - | सामान्य लेखपढ गर्न नसक्ने |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.वि.स. | - | जिल्ला शिक्षा कार्यालय |
| एकल परिवार | - | बाबा आमा तथा छोराछोरी |
| संयुक्त परिवार | - | हजुरबुबा हजुरआमा बाबा आमा काका काकी तथा छोराछोरी सहितको परिवार |
| CBS | – | Central Bureau of Statistics |

| | | |
|---|---|---|
| CEDA | – | Central for Economic Development and Administration |
| CIERID | – | Research Central Education Innovation and Development |
| UNDP | – | United National Development Programme |

## १.८. अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई विभिन्न भागमा विभाजन गरिएको छ । अध्ययन एकमा परिचय पृष्ठभुमी, समस्याको कथन, अध्ययनको उदेश्य, अध्ययनको मह□व अध्ययनका सीमा अनुसन्धान प्रश्न मुख्य शब्दावलीको ढाँचा र अध्ययनको संगठन राखिएको छ । अध्ययय दुईमा पूर्व साहित्यको पुनरालोकन राखिएको छ । अध्याय तिनमा अनुसन्धान विधि, अनुसन्धान ढाँचा, तथ्याङकको स्रोत जनसंख्या र नमूना छनोट, अध्ययन क्षेत्रको परिचय तथ्याङक प्रस्तुतीकरण र विश्लेषण गर्ने कार्य  गरिएको छ ।

# अध्यायः दुई (CHAPTER–TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature and Conceptual Framework)

यस अध्ययनमा अनुसन्धान शीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक जर्नल अनुसन्धान प्रतिवेदन लगायत अन्य अप्रकाशित अभिलेखहरूको पुनरावलोकन गरिएको छ । साथै शसक्तिकरणको इतिहास, महिला विकास सम्बन्धी विभिन्न लेख रचना तथा अनुसन्धानकर्ताहरूका अनुसन्धानको समीक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

बराल, (२०५९) काअनुसार सशक्तिकरण शब्द पनि शक्ति शब्दबाट नै आएको हो । त्यसैले महिला सशक्तिकरणको कुरा गर्दा महिलाहरू आफ्नो वैयक्तिक तथा पारिवारिक उन्नती र विकासमा विभिन्न स्वतन्त्र रूपमा निर्णय लिन सकने र त्यसको प्राप्तीका लागि वस्तुस्थितिलाई आफ्नो नियन्त्रणमा राखी पहल गर्न सक्ने क्षमता हो । विकासका लागि सशक्तिकरण एउटा मुख्य त□व हो । सशक्तिकरणले असमानताको स्थितिमा रहेका दवियका किनारामा पारिएका समुहलाई समानताको स्थितिमा पुऱ्याउन मद्दत गर्दछ ।

राष्ट्रिय महिला आयोग (२०५९) काअनुसार महिलाकै नैसर्गीक मौलिक हक हितको संरक्षण र सम्बर्द्धन गरी महिला सशक्तिकरण लैङ्गिक समानता, सामाजिक न्याय र शक्ति कायम गरी देश विकासको मुल प्रवाहमा महिला सहभागिता वृद्धि गर्नका लागि निरपेक्ष स्वतन्त्र राष्ट्रिय महिला आयोगको स्थापना गर्न वाच्छनिय भएकाले यो ऐन प्रस्तुत गरिएको छ ।

बराल, (२०६७) काअनुसार समाजरूपी रथका दुई पाग्रा मध्यको रहेका महिलाहरू पुरुषको तुलनामा अधिकार प्राप्तिमा धेरै पछाडी रहेका छन् । महिला र पुरष दुवैको समान विकासबिना समाजको एउटा रथको रूपमा रहेको महिला पछाडी रहेसम्म समाज सहज रूपमा अगाडि बढ्न सक्दैन । आधा धर्तीमा मालिक महिलाहरूप्रति जहिलेसम्म असमान व्यवहार कायम रहन्छ विश्वमा शानित विकास र प्रगतिको आश गर्न सकिदैन । महिलप्रति

गरिने यस्ता व्यवहारले मानव अधिकारका विश्वव्यापी घोषण पत्रले प्रदान गरेको नागरिक राजनीति, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र प्राप्तिमा अवरोध सिर्जना गर्दछ । जसको प्रत्यक्ष असरको रूपमा परिवार, समाज र राष्ट्र विकासको बाटोमा पाइला चाल्न सकिरहेको हुँदैन । महिला अपर हुने यस्तै प्रकारका भेदभावहरू अन्त्य गर्न संयुक्त राष्ट्र सङ्घले सन् १९७९ डिसेम्बर १८ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मुलन विषयक अभिसन्धी (Convention of the Elimination of All Discrimination Against) तयार गरियो, जसलाई CEDAW भनिन्छ । नेपालले सन् १९९१ अप्रिल २२ मा अभिसन्धीमा हस्ताक्षर गरी आफ्नो प्रतिबद्धता जनाइसकेको छ । तरपनि कार्यान्वयन पक्ष एकदमै निराशजनक छ । आफूले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय दस्तावेजका आधारमा समय समयमा देशको वास्तविक मानव अधिकार तथ्याङ्क पठाउने जस्ता क्रियाकलाप हुन सकेको छैन । सरकार अन्धो तरिकाले अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजमा आफ्नो प्रतिबद्धता जनाउँदछ तर कार्यान्वयन पक्षमा सधै कुम्भकर्ण जस्तो निदाइरहेको छ ।

राई, (२०७०) काअनुसार स्वास्थ्य शरीरमा स्वास्थ्य विचारले जन्म दिने कुरा सर्वविवितै छ । एकातिर महिला अधिकार नै मानव अधिकार हो भन्ने नाराले गुञ्जयमान छ अर्कोतिर महिलाहरू अधिकार विहिन छन् । त्यसैले आज आधा आकाश ओगट्ने महिला समुदाय आफ्नो सामाजिक धार्मिक परम्परालाई जोगाइराख्ने कुराहरूले उनीहरूको सम्पूर्ण अस्तित्व नै धमिल्याएको छ । यस अर्थमा उनीहरूका लागि महिला सशक्तिकरण र महिला विकासका कुराहरू हास्यस्पद हुन्छन् । कुनै पनि व्यक्ति वर्ग र समुदाय अधिकार विहीन, पछौटे र अरु भन्दा तल्लो दर्जाको नागरिकले रूपमा चाहदैन । हाम्रो पुरुषप्रधान समाजको मानसिकता सामाजिक र धार्मिक परिवेशले उनीहरूलाई यस अवस्थामा पुऱ्याएको छ । हिजो महिलालले बाबु र दाजुभाइको डर राख्नुपर्थ्यो । आज भएता पनि निर्णयक भूमिका निर्वाह गर्न असमर्थ छन् । अर्थोपार्जन गर्न सक्नेलाई निर्णय गर्ने अधिकारबाट वञ्चित गर्नु उसको योग्यतामाथि शंका गर्नु हो । यस अवस्थामा उनीहरू कसरी सशक्त हुने र उनीहरूलाई सशक्त बनाउने वातावरण कसले तयार पारिदिने । महिलाहरू कमजोर छन् । उनीहरूलाई अगाडि सार्नुपर्छ विकास निर्माको कार्यमा उनीहरूको सहभागिता जरुरी छ भन्ने सोचाइले जन्म दिएपनि पुरातन मानसिकतामा परिवर्तन नल्याएसम्म यो कार्य गाह्रो मात्र छैन असम्भव पनि छ । कतिपय महिलाहरू आज अनेकौ बाधाहरूलाई पन्छाउदै आफ्नो अस्तित्वको रक्षा गर्न संघर्षरत छन् भने अधिकांश शिक्षित तथा सम्पन्न महिलाहरूको

महिला सशक्तिकरण र महिला विकासका कुरामा चासौ नराख्नाले समस्या जटिल बन्दै गएको छ ।

बस्नेत, (२०६३) काअनुसार वास्तवमै हरेक क्षेत्रमा पुरुषहरूसरह लाग्न भिड्न सक्ने नारीको मनस्थितिमाथि हाम्रो मुलुकमा अद्यावधि विद्यमान पुरुषप्रधान सामाजिक सोचको अडानमा पुरुष नै कतै वाधन त बनिरहेको छैन ? भन्ने प्रश्न पनि यहाँ जल्दोबल्दो रूपमा देखापर्दछ । अन्यथा पुरुषकै कारणद्वारा कतिपय नारीमा आत्माविश्वासको दैलौबाट भागेर निराधन भई बेचिने, बौलाउने या आत्माहत्या गर्नुपर्ने स्थितिको सिर्जना नहुनुपर्ने । विकासका संवेदनशील मह□वपूर्ण सिर्जना नहुनुपर्ने । विकासका संवेदनशिल मह□वपूर्ण सिर्जना नहुनुपर्ने । विकासका संवेदनशिल मह□वपूर्ण सिर्जना नहुनुपर्ने । विकासका संवेदनशिल मह□वपूर्ण पक्षहरूसीत चुनौतीपूर्ण तरिकाले अहम भूमिका खेलिरहेको स्वास्नी मानिसप्रति सहजैसित हीनताभास प्रकट गर्ने ९९ प्रतिशत जनसङ्ख्या पुरुष नै पर्दछ । जतिसुकै माया र ममताको लेपमा दिदीबहिनीको आन्तरिक र बाहय विकास माइतीमा भएतापनि दिदीबहिनीलाई पैतृक सम्पत्तिमा समान हक दिनुपर्छ भनेर दाजुभाइले खुलस्त ढङ्गले आफ्नो हकको सम्पत्ति टुक्राउन चाहान्छन् ? विवाहपूर्ण माइतीतर्फ छोरीको सम्पत्ति उपभोगका हकमा त जन्मसिद्ध अधिकारका साथै मुलुकी ऐनअनुसार ३५ वर्षसम्म विवाह नगरी माइत बसेकी छोरीले छोरासरह अंश पाउने र त्यसपछि उसले विवाह गरेमा या ऊ पोइला गएमा यसको विवाह खर्च छुट्याएर अरु बाँकी हकवालाले नै पाउने आमाका एकै कोखका सन्तान छोरीप्रतिको औपचारिकतापूर्ण बच्चाको चकलेटी प्रलोमनजस्तो पूर्ति ऐनको पनि महिलालाई ‘विवाह’ कै प्रसङ्गमा पुऱ्याएर पछारेको थियो ।

अर्याल, (२०६८) काअनुसार नेपालमा योजनावद्ध विकास २०१३ सालमा सुरु भएतापनि छैटो पञ्चवर्षिय त्रिवर्षिय योजना २०६७/६८-२०६९/७० को आधार पत्रमा पनि महिला सम्बन्धी व्यवस्था गरेको पाइन्छ । जसले उद्देश्य महिलाको सामाजिक आर्थिक गैर आर्थिक एवम् राजनीतिक विकासमा सशक्त बनाउनु हो । महिलाहरूका हकहित सुरक्षा तथा संरक्षक कुराहरूलाई सामान्य अर्थमा महिला अधिकार भनिन्छ ।

Acharya, (1997) काअनुसार महिला सशक्तिकरणले तलका निम्न कुरालाई इङ्गित गर्दछ । महिलाहरू आफ्नै निर्णय गर्ने शक्ति भएको, उचित निर्णयको लागि सूचना तथा स्रोतहरूमा पहुँच भएको धेरै विकल्पबाट कुनै एउटा विकल्प छनौट गर्ने क्षमता भएको (Not

just yes/no, either/or), सामुहिक निर्णय प्रक्रियामा सक्रिय सहभागिता भएको परिवर्तनका लागि सकारात्मक सोचाइको क्षमता भएको व्यक्तिगत वा समूहबाट क्षमता विकासका लागि सिकाइ दक्षता भएको अरुको धारणाहरूलाई प्रजातान्त्रिक तरिकाबाट रूपान्तरण गर्ने क्षमता भएको, कहिलै नटुङ्गिने र Self Initiated वृद्धि प्रक्रिया र परिवर्तनहरूमा सहभागी भएको Acharya 1997 काअनुसार सशक्तिकरण एक बहु आयामिक प्रक्रिया हो । सामाजिक जिवन लगायत अन्य सम्पूर्ण क्षेत्रमा जिवन भरि सशक्तिकरण प्रक्रिया चलिरहन्छ ।

Chaudhuri, (2010) काअनुसार सशक्तिकरण निर्धारण गर्ने त□वहरू भौगोलिक क्षेत्र (कुनै एक राष्ट्र वा विश्व भरिको क्षेत्र) अनुसार  फरकफरक हुन्छन् । साथै सशक्तिकरण धेरै भनदा धेरै आर्थिक चरहरू (variables) द्वारा निर्धारण भएका हुन्छन् । (Economic Development, Labour Market Productivity, returns of labour, education, Rammohans Johar 2009) साथै गैर-आर्थिक वा नरम रचहरू (धर्म, पितृसत्तात्मक संरचना र घरायसी निर्णय गर्ने शक्ति वा क्षमता) द्वारा पनि निर्धारण हुन्छन् । सशक्तिकरणलाई सबै भन्दा बृहत रूपमा परिभाषित गर्न व्यक्तिमा करिब (१९९९) पाइएको छ । उनले “छनौट गर्न सक्ने क्षमता वा खुवी” को रूपमा सशक्तिकरणलाई परिभाषित गरेका छन् । पहिले सशक्तिकरण नगरिका समाजका सदस्यहरूलाई पनि सशक्तिकरण गर्न सकिने सन्दर्भमा मात्र उनको परिभाषामा परिवर्तन आउने कुरा समेत उनले उल्लेख गरेका छन् । सशक्तिकरणका लागि गयी तिन कुराहरू हुनुपर्ने भन्दै करिब सुझाव दिन्छन् । छनोट गर्ने स्वतन्त्रता सुधार गर्ने स्रोत साधनहरू (जस्तै जमिनको स्वामित्व र स्थिर सम्पत्ति अधिकार शिक्षा, रोजगारी अवसरहरू घरायसी क्षेत्रको बाँडफाँड) प्रतिनिधि अथवा “कसैको उद्देश्य परिभाषित वा निर्धारित गरिदिने र उनीहरूको कार्य गर्ने क्षमता (करिब १९९९: ४३८) (जस्तै : परिचालन, घरायसी क्षेत्रमा पहुँच र आवाज सुनिनु Domestic Violence र उपलब्धिहरू (जस्तै : स्वास्थ्य, बालबालिकाको शिक्षा (Survival, immunization), ICPD (2014) काअनुसार “महिला सशक्तिकरणको सबभन्दा मह□वपूर्ण सधान शिक्षा, ज्ञान, सिप र विकास प्रकृयामा पूर्ण सहभागिता जनाउन आवश्यक आत्म विश्वास छन्” । शिक्षा सबैका लागि मह□वपूर्ण छ । विशेष गरी केटी र महिलाका लागि यसको मह□व अझ उल्लेखनिय छ । शिक्षा अन्य अवसरको लागि प्रवेश विन्दु हो । त्यसमा पनि अझ शिक्षित महिलाका शैषिक उपलब्धिहरू परिवारभित्र र अन्य पुस्ताहरूमा समेत सकारात्मक प्रभाव हुन्छ । महिला शिक्षा प्रदान गर्ने सबै भन्दा प्रभावकारी तरिका गरिबी कम हुनु हो ।

राष्ट्रिय महिला आयोग, (२०५८) काअनुसार महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी (CEDAW) ले महिलालाई पुरुष सरह आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्न सक्ने लगायतका अधिकार दिनुपर्ने दायित्व परराष्ट्रहरूलाई तोकेको छ (धारा ९) । यस महासन्धीका पालना भए नभएको अनुगमन गर्ने महिला विरुद्ध भेदभाव उन्मुलन समिति CEDAW Committed ले सन् २००४ मा नेपाली कानुनले नेपाली महिलालाई आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्नबाट वञ्चित गरेकोमा विशेष चासो व्यक्त गरेको थियो । महिला विरद्ध भेदभाव उन्मुलन समिति (CEDAW Committee) ले सन् २०११ जुलाइमा नेपालले पेश गरेको प्रतिवेदनमा उल्लिखित कुराहरूलाई नागरिकता पूर्ण एवम् समान अधिकार दिइनुपर्ने, सो को लागि सबै तहका सरकारी कर्मचारीहरूलाई नागरिकता सम्बन्धी मस्यौदा व्यगवस्थाको कार्यान्वयनका लागि तालिम कार्यभार बृहत रूपमा नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभियान सञ्चालन गर्नुपर्दछ भनी सुझाव दिएको छ । महिला विरुद्ध भेदभाव उन्मुलन समिति (CEDAW Committee) ले संविधानको मस्यौदा गर्दा महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको व्यवस्थाहरूलाई मध्यनजर गर्नुपर्ने भनी सुझाव दिएको छ ।

अधिकारी, (२०१२) काअनुसार सशक्त हुनु भनेको उसको क्षमता कार्यशैलीको वृद्धि हुनु हो । स्रोत र साधनमा पहुँच बढ्नु हो । स्वचालित स्वनिर्भर र स्वालम्बी बन्नु हो । वास्तवमा समाजमा निम्न स्थानमा रहेका वर्ग समुदाय वा महिलालाई विभिन्न पक्षमा न्यायपूर्ण व्यवहार हुनु आवश्यक छ । यस्तो व्यवहार सशक्तिकरण पश्चात् मात्र आउँछ । सशक्तिकरण शोषित पक्षलाई मात्र नगरी शोषण, दमन शक्तिको अभ्यास गर्ने पक्षलाई पनि गर्नुपर्दछ । अवसरबाट वञ्चित वर्गलाई सशक्तिकरण गर्नु आवश्यक छ । साथै विशेष अधिकार प्राप्त पक्षलाई पनि अर्को पक्षतर्फ सचेत हुन, निश्चित मूल्य मान्यता र सीमा भित्र रहेर शक्तिको प्रयोग गर्नका निम्ति चेतना तथा ज्ञान प्रदान गर्न सशक्तिकरणको आवश्यकता पर्दछ । मानिसमा अन्तर्निहित शक्तिको प्रष्फुटन र प्रस्फरण हुने अवसर प्रदान गरेर समुहमा समाहीत गरेर स्रोत र साधनको पहुँच वृद्धि गरेर विभिन्न कुसंस्कार तथा नियन्त्रणका संयन्त्रहरको अन्त्य गरेर कार्यभार कम गरी सिर्जनशिल र क्षमता विकास तालिम लिएर सशक्तिकरण गर्न सकिन्छ ।

Bhasin and Dhar, (1998) काअनुसार सशक्तिकरण निरन्तर चलिरहने बहुआयामिक प्रक्रिया हो । यसले महिला वा अन्य सिमान्तकृत र पिछडिएको समुदायको बनावट र विचार तथा उनीहरूको अस्तित्वलाई जोगाई राख्न उत्प्रेरित गराई सक्षम बनाउँदछ । UNFPA (2007) का अनुसार शक्ति संरचनालाई बढी समावेशी बनाउने प्रक्रिया जसमा सम्पूर्ण महिला र सम्पूर्ण जाति, वर्ग, समुदाय, धर्म, वर्ण समावेश हुन्छन् । सशक्तिकरणको अन्तिम उद्देश्य दोस्रो दर्जा र हेपाइको अभ्यासमा वैचारिक परिवर्तन ल्याउनु हो ।

Donaold Borenrtein, (2013) काअनुसार महिला सशक्तिकरणको वास्तविक मूल्याङ्कन गर्न कठिन छ । आधुनिक विकसित समुदायका धेरै संगठनहरूको महिला सशक्तिकरणलाई समर्थन गर्न प्रतिबद्धता जाहेर गरेका छन् ।

Kersbery, (1992) सशक्तिकरण शब्द सन् १९८० को दशकयता धेरै प्रचलितहुदै आएको छ । विशेष गरेर महिला अध्ययनका लागि संघर्षरत महिलाहरूले यसलाई अघि बढाएको पाइन्छ । विभिन्न सामाजीक शोषण र कुसंकारले ग्रसीत महिलाहरूलाई त्यो अवस्थाबाट मूक्ति दिलाउने उदेश्यले सशक्तिकरण शब्दको प्रयोग भएको देखिन्छ । फलतः सशक्तिकरण कार्याक्रममा महिला भित्र रहेका हित भवनाहरू हटाउने र त्यस्ता हित भवना जन्माउने विभिन्न संस्थाहरूमा परिर्वतन ल्याउने गतिविधिहरू समावेश भएको देखिन्छ । यस अर्थमा मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तिकरण हो ।

## २.२ पूर्व साहित्यको अध्यायन (Review of Empirical Literature)

सुवेदी, (२०६९) महिला सशक्तिकरण हुन भनेको महिलाहरूको आर्थिक, सामाजिक विकास हुनु लैङ्गिक भूमिकामा परिवर्तन आउनु देशको समग्र विकास महिला वर्गको पहुँच हुनु महिलाहरू संस्थागत रूपमा सङ्गठीत हुनु निर्णय र नियन्त्रण गर्ने तहमा महिलाहरू पुग्नु महिलाहरूको स्थितिमा सुधार ल्याई विकासलाई दिगो बनाउनु हो ।

Dhekal and Sheikh, (1997) नेपाल महिलाहरूको लागि जिवन एउटा अवरोध द्विविधा र त्यागहरूको सञ्जाल हो । यी मध्ये कतिपय छोरीको जन्म भएको दिनबाट नै शुरु हुन्छ ।छ छोरी जन्मिएको पारिवारिकको सहजसहनबाट उनलाई हेर्ने दृष्टिकोण उनी माथि गरिने स्वतन्त्र व्यवहार निर्धारित हुन्छ तर पुरै समाज पित्तृसत्तात्मक भएकाले छोराको

तुलनामा धेरै विभेदहरू रहन्छन् । महिलाहरूको लागि विवाह गर्ने र छोरा जन्माउने बाहेक काम गर्नको लागि थोरै मात्र विकल्पहरू रहेका छन् ।

Bhasin, (1992) 'सशक्तिकरण निरन्तर चलिरहने एक गतिशिल प्रकृया हो । जसले महिला र पुरुषको बीचको शक्ति सम्बन्धलाई परिवर्तन गर्न क्षमता र दक्षता प्रदान गर्दछ । सशक्तिकरणको प्रक्रियामा कुराकानी छलफल, समूह गोष्ठी वकालत कानुन आदि पर्दछन् ।' सशक्तिकरण प्रक्रिया मात्र नभएर परिणाम पनि हो । सशक्तिकरणबाट स्रोत साधन माथि नियन्त्रण पनि प्राप्त हुनछ । जो शक्तिहित छ उसले शक्तिसम्पन्नबाट शक्ति प्राप्त गर्नु सशक्तिकरण हो तापनि सशक्तिकरण छाडा नभई मानवीय मूल्य र मान्यता सँग गासिएको हुन्छ ।

लुईटल, (२०६२) 'महिला सशक्तिकरण महिलाहरूको चेतनामा परिवर्तनको साथै आफ्नो घर परिवार र समाजमा परिवर्तन हुनु स्रोत साधनमा पहुँच, नियन्त्रण र सामुहिक कार्यमा बढी सहभागी हुनु नयाँ विकासको खोजी गर्न सक्ने हुनु हो ।' त्यसको लागि समुहमा आवद्ध भई सामुहिक शक्तिको विकास पनि गर्नुपर्दछ ।

अर्याल, (२०६९) काअनुसार संसारमा कुनै यस्तो मुलुक छैन जुन महिला हिसा मुक्त होस तर सभ्य र सम्पन्न मुलुकमा यसको मात्रा कम र प्रकृति भिन्न छ भने विपन्न मुलकुहरूमा यसको मात्र बढी र प्रकृति पनि भिन्न छ । नेपाल पनि महिला माथि चरम विभेद हुने मुलुक मध्ये एक हो । बनेका कानुन हेर्दा नेपाली महिला बलिया र अधिकार सम्पन्न भए जस्तो लागेपनि व्यवहारमा कार्यान्वयन हुन नसकेको कारण कागजी रूपमा महिला माथिको विभेद कम हुँदै गएपनि व्यवहारमा महिला पिडित नै छन् । हाम्रो धार्मिक विश्वास सांस्कृति परम्परा सामाजिक प्रचलन तथा पुरुष मानसिकताले महिलामाथि थिचोमिचो भई नै रहेको छ । असी प्रतिशत भन्दा बढी जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने यस मुलुकमा महिलाका समस्या पनि गाउँमै अधिक छन् । शिक्षाको अवसर नहुनु, विभेदको शिकार बन्ने बाध्यता कम उसेरमै वैवाहिक जीवन बिताउन बाध्य हुनु जस्ता पिडामा ती छन् । तर आम महिला जो ग्रामीण क्षेत्रमा बस्दछन् । सामाजिक, आर्थिक परिवेशले गर्दा आफ्ना समस्या सार्वजनिक गर्न असमर्थ छन् । उनीहरूसम्म महिला आन्दोलन सचेतता र जागरण अभियान तथा हक अधिकारको चेतना नै पुग्न सकेको छैन । तिनको पक्षमा बोलि दिनेको अझै अभाव छ ।

कानूनी किताब व्यवस्था समिति, (२०६३) काअनुसार मानव अधिकार नै महिला अधिकार तसर्थ महिलाहरूले पनि यी सबै अधिकार पाउनुपर्दछ नेपालको अन्तरिम संविधान २०६३ ले लैङ्गिक समानता र महिला सशक्तिकरणको पक्षमा संविधानमा विशेषता भएका प्रावधानहरूलाई धारा २० मा महिलाको मौलिक हक समानताको प्रत्याभूति र सकारात्मक प्रावधानकारी तिनवटा शीर्षक अन्तर्गत राख्नको पाइन्छ । त्यस्तै धारा ३३ मा लैङ्गिक भेदभावको अन्त्य एवम् राज्य संरचनामा महिलाको समानुपातिक सहभागिताको सुनिश्चितता राज्यको दायित्व मानिसएको छ । धारा ३४ मा लैङ्गिक रूपमा आर्थिक शोषण हुन नपाउने व्यवस्थालाई राज्यका निर्देश सिद्धान्तमा लिएको छ र धारा ३५ मा सामान्य एवम् विशेष अवस्थामा महिलाहरूलाई लक्षित गरी सहभागिता सकारात्मक विभेद तथा सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति राज्यको हुने उल्लेख गरिएको छ ।

नेपाल, (२०६७) काअनुसार सशक्तिकरण एउटा यस्तो प्रकृया हो जसले व्यक्ति तथा समाजमा रोजाइ निर्माण गर्न सक्ने क्षमताको विकास गराउँदछ । सशक्तिकरणको अन्तिम लक्ष्य भनेको व्यक्तित्व विकास हो । जसमा आत्मविश्वास बढाउन सामाजिक अन्तरकिरण स्रोत साधनको बाँडफाँडमा निर्णय गर्ने अधिकार कुन पेशा अलम्बन गर्ने र कसरी जीवनयापन गर्ने जस्ता विषयमा पर्याप्त छनोटमा अवसरहरू उपलब्ध हुनुपर्नऐ जस्ता कुराहरू समाविष्ट हुन्छन् । साँचो अर्थमा महिला सशक्तिकरण भनेको महिलाहरूको पहिचानको खोजी गर्नु उनीहरूलाई आत्मनिर्भर बनाउनु र राजनैतिक क्रियाकलापमा महलि सहभागिता बढाउनु उनीहरूको आन्तरिक क्षमताको उर्जागर गर्नु स्वरोजगार सिजना ऋण सुविधा उत्पादित वस्तुको बजारमा पहुँच र जोखिम माल्न सक्ने खुबीको विकास जस्ता विषयहरू महिला विकास सशक्तिकरण प्रमुख विषयहरू हुन जुन व्यक्तिगत प्रयासबाट प्राय : असम्भव छ । यसका लागि राजनीतिक दल सरकार र नागरिक समाजको सहयोग तथा स्वय महिलाहरूको सक्रिय सहभागीको खाचो पर्दछ ।

राष्ट्रिय महिला आयोग, (२०६९) काअनुसार महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन भन्ने मानिएको सन्दर्भमा महिलाप्रति विभेद हटाउँदै महिलाहरूलाई समान अवस्थामा पुऱ्याउन महिला सशक्तिकरण आवश्यक छ । महिला सशक्तिकरणले असमानता हटाउन, न्याय विकास र शान्ति जस्ता विकास गर्न सहयोग पुऱ्याउन देखिन्छ । महिला र पुरुषबिच

कायम रहेको असमानता हटाई समानता तर्फ अग्रसर गराउन महिला सशक्तिकरण तर्फ अगाडि बढ्नु जरुरी छ ।

पाण्डे, (२०७२) काअनुसार अवसरले मानिसको क्षमता विकास गर्दा क्षमताको आत्मविश्वास बढाउँदछ र आत्मविश्वासले हरेक व्यक्तिको कार्य क्षमता र दक्षता प्रदर्शन गर्छ यसर्थ सदियौ देखि किनारमा पारिएका महिलालाई प्रतिस्पर्धी क्षमता विकास लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा सकारात्मक विभेद तथा विशेष व्यवस्था र प्रजनन् हक महिलाका निहित हुने कुराको सुनिश्चित महिला सशक्तिकरणले गर्दछ ।

दङ्गाल, (२०६७) काअनुसार महिला विकास तथा सशक्तिकरणका पक्षमा भएका हालसम्मका उल्लेखनिय कार्यहरूमा पैतृक सम्पत्तिको हक सम्बन्धी कानुनमा पुनरावलोकन गर्भपतन सम्बन्धी कानुनी व्यवस्था छुट्टै महिला मन्त्रालयको स्थापना देह व्यापार निरुत्साहित गर्ने व्यवस्था स्वतन्त्र महिला आयोगको व्यवस्था संविधानमा मौलिक हकका रूपमा महिला हकलाई स्थापित गरिनु विकासका लागि सञ्चार क्षेत्रमा प्राथमिकता प्राप्त गर्नु हरेक मन्त्रालयमा जेण्डर फोकल वाइन्टको व्यवस्था गरिनु महिला तथा पिछडिएको वर्ग र क्षेत्रका लागि सकारात्मक विभेदको व्यवस्था गरिनु आदि रहेको छ ।

## २.३. पुनरावलोकनको प्रस्तुतमा अध्ययनमा उपादेयता (Implication of the Review for the Study)

यस अध्ययनका विभिन्न पत्रपत्रिका लेख रचना जर्नल तथा अप्रकाशित शोधपत्रलाई आधार बनाइएको छ । बराल (२०५९) को अध्ययनमा महिला सशक्तिकरणको कुरा गर्दा महिलाहरू आफ्नो वैव्यक्तिक तथा पारिवारिक उन्नति र विकासमा विभिन्न स्वतन्त्र रूपमा निर्णय लिन सक्ने र त्यसको प्राप्तीका लागि वस्तुस्थितिलाई आफ्नो नियन्त्रणमा राखी पहल गर्न सक्ने क्षमता हो । अधिकार (२०१२) को अध्ययनमा मानिसमा अन्तरनिहित शक्तिको प्रस्तफुटन र प्रस्करण हुने अवसर प्रदान गरेर समुहमा समाहीत गरेर स्रोत र साधनको पहुँच वृद्धि गरेर विभिन्न कुसंस्कार तथा नियन्त्रणका संयन्त्रहरूको अन्त्य गरेर कार्यमा र कम गरी सिर्जनशील र क्षमता विकास तालिम लिएर सशक्तिकरण गर्न सकिन्छ ।

राई (२०७०) को अध्ययनमा महिला अधिकार नै मावन अधिकार हो भन्ने नाराले गञ्जनमान भएपनि महिलाहरू अधिकार विहिन छन् त्यसैले आधा आकाश ओगट्ने

महिलाहरू समुदाय आफ्नो सामाजिक धार्मिक परम्परालाई जोगाई राख्ने कुराहरूको उनीहरूको सम्पूर्ण अस्तित्व नै धमिल्याएको छ हाम्रो पुरुषप्रधान समाजको मानसिकता सामाजिक र धार्मिक परिवेशले उनीहरूलाई यस अवस्थामा पुऱ्याएको निष्कर्ष यस अध्ययनमा पाइन्छ ।

अर्याल (२०६८) काअध्ययनमा नेपालमा योजनावद्ध विकास २०१३ सालमा सुरु भएपनि त्रिवर्षीय योजना २०६७/६८ - २०६९/७० को आधार पत्रमा पनि महिलासम्बन्धी व्यवस्था गरेको पाइन्छ । अधिकारीका अध्ययनमा सशक्त हुनु भनेको उसको क्षमता कार्यशैलीको वृद्धि हुन हो । स्रोत र साधनमा पहुँच बढ्नु हो । स्वचालित स्वनिर्भर र स्वालम्बी बन्नु हो । समाजमा निम्न स्थानमा रहेका वर्ग समुदाय वा महिलालाई विभिन्न पक्षमा न्यायपूर्ण व्यवहार हनु आवश्यक छ । जुन सशक्तिकरण पश्चात् मात्र आएको पाइन्छ ।


सुवेदी (२०६९) कोशोधपत्रमा महिला सशक्तिकरण हुनु भनेको महिलाहरूको आर्थिक, सामाजिक विकास हुनु लैङ्गिक भूमिकामा परिवर्तन आउनु देशको समग्र विकास महिला वर्गको पहुँच हुनु महिलाहरू संस्थागत रूपमा संगठित हुनु निर्णय र नियन्त्रण गर्ने तहमा महिलाहश्रु पुग्नु अध्ययनको मुख्य उद्देश्य रहेको छ लुइटेल (२०६२) को अध्ययनमा महिला सशक्तिकरण महिलाहरूको चेतनामा परिवर्तनको साथै आफ्नो घर परिवार र समाजमा परिवर्तन हुन स्रोत साधनमा पहुँच नियन्त्रण सामुहिक कार्यमा सहभागी हुने कुरामा उल्लेख भूमिका रहेको कुराबाट वर्णन गरिएको छ ।

## २.४. अनुसन्धान अन्तर (Research Gap)


सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन पश्चात् र यस अध्ययनको बिचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकनमा नमूना छनोट विधिको माध्यमबाट सीमित जनसङ्ख्याबाट तथ्याङ्क लिई विश्लेषण गरिएको थियो भने यस अध्ययनमा महिलाहरूलाई उद्देश्य मुलक नमूना छनोट विधिको माध्यमबाट महिलाहरूको छनोट गरी वास्तविक र यथार्थ तथ्याङ्क लिएको पाइन्छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीको मात्र प्रयोग गरी तथ्याङ्क संकलन गर्दा सही तथ्याङ्क नआएको पनि हुनसक्छ यस अध्ययनको निचोडमा नमूना छनोट गरिएका महिलाहरूसँग अन्तर्वार्ता महिलाहरूको बारेमा अवलोकनको माध्यमबाट सत्य यथार्थ तथ्याङ्क लिएको पाइन्छ । यस अध्यायनमा

महिलाहरूको वार्षिक आम्दानी, खर्च, बचत स्थिति महिलाहरूमा सशक्तिकरणले उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा पारेको प्रभाव आदि बारे विश्लेषण गरिएको छ । त्यसैले साहित्यको पुनरावलोकन भन्दा यस अध्ययनको निचोड सत्य र वास्तविक छ भन्ने आशावादी रहेको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)





स्रोत : जोशी (२०६८) ।




स्रोत : सुवेदी (२०६९) ।

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)



महिला सशक्तिकरणले महिलाहरूको आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा परेको प्रभावको कार्यात्मक ढाँचा यस प्रकार रहने छ यस संरचनामा महिला सशक्तिकरणले महिलाहरूको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा प्रभाव सम्बन्धी विभिन्न पक्षलाई समेटिएको छ ।

# अध्ययनःतीन (CHAPTER–THREE)

## ३. अध्ययनको अनुसन्धान विधि र प्रक्रिया (Method and Procedures of the Study)

यस अध्ययनमा अनुसन्धानका क्रममा प्रयोग गरिने अनुसन्धान ढाँचा र विधि, तथ्याङ्कका स्रोतहरू जनसङ्ख्या नमूना आकार र नमूना रणनीति अध्ययनको क्षेत्र, तथ्याङ्क संकलनका साधनहरू तथ्याङ्क संकलन गर्दा प्रयोग भएमा प्रविधिहरू तथ्याङ्क संकलन प्रकृया साथै तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण प्रकृया जस्ता शीर्षकहरू समावेश गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा र विधि (Design and Method of the Study)

यो अध्ययन व्याख्यात्मक (Descriptive) र विश्लेषणात्मक (Analytical) अनुसन्धान ढाँचामा आधारित छ । यस अध्ययनमा नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत झापा जिल्ला चकचकी गा.वि.स. वडा नं. ७ मा बसोबास गर्ने महिलाहरूको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा महिला सशक्तिकरणको क्षेत्रमा भएको प्रभाव विश्लेषण गर्न खोजिएको छ । यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक स्रोतहरू संकलन गर्न अध्ययनकर्ता स्वयम् प्राथमिक स्रोत सामुपुगी अन्तर्वार्ता प्रश्नावली छलफल तथा अवलोकन विधिको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ भने द्वितीय तथ्याङ्कहरू यसैसँग सम्बन्धित लेख रचना महिला सशक्तिकरण सम्बन्धी प्रकाशित अप्रकाशित लेख रचनाहरू पत्र पत्रिमा जर्नलबाट संकलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई तालिका तथा विभिन्न शैलीमा प्रस्तुत तथा व्याख्या तथा विश्लेषण गरिएको छ । परिमाणात्मक र गुणात्मक (Quantitative and Qualitative) दुवै प्रकारका तथ्याङ्कहरूको प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्कका स्रोतहरू (Sources of Data)

यस अध्ययनमा मुख्यतया दुई किसिमका तथ्याङ्कहरू प्रयोग गरिएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतहरूलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्कको स्रोत (Source of Primary Data)

यस अध्ययन लागि प्राथमिक तथ्याङ्कको स्रोत : नमूना छनोटमा परेका अध्ययन क्षेत्रका महिलाहरू रहेका छन् ।

### ३.२.२ सहायक तथ्याङ्कको स्रोत (Sources of Secondary Data)

द्वितीय तथ्याङ्कको स्रोतहरू गाविस कार्यालय, झापा जिल्ला विकास समिति जिल्ला प्रशासन कार्यालय झापा महलिा विकास, कार्यालय झापा, राष्ट्रिय महिला आयोग काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग तथा अर्थमन्त्रालयबाट प्रकाशित पुस्तक, पत्रिका, महिला, सशक्तिकरणको बारेमा लेखिएका लेख तथा अनुसन्धानहरू विश्वविद्यालयमा बुझाइएका शोध पत्रहरू तथा पत्रपत्रिकाहरू हुन् ।

## ३.३ जनसङ्ख्या नमूना आकार र नमूना रणनीति (Population, Sampel Size and and Sampling Strategy)

यो अध्ययन महिला सशक्तिकरणले उनीहरूको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा परेको प्रभाव शीर्षक अन्तर्गत झापा जिल्लाको चकचकी गा.वि.स. मा सम्पन्न गरिएको छ । उक्त क्षेत्रको जनसङ्ख्या नमूना आकार र नमूना छनोटलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसङ्ख्या (Population)

यस अध्ययनकर्तासँग सीमित स्रोत साधतन र समयको कारणले गर्दा प्राथमिक तथ्याङ्क संकलन गर्नाका लागि झापा जिल्ला अन्तर्गत चकचकी गा.वि.स वडा नं. ७ मा रहेको २९९ घरधुरी सङ्ख्यामा बसोबास गर्ने कुल जनसङ्ख्या १३३७ मध्ये पुरुष ६१३ र महिला ७२३ मध्ये १८ देखि ६० उमेर समूहका विवाहित महिलाहरूको जनसङ्ख्या ५६१ बाट १५० घरधुरी हुन आउने गरी २०० जनालाई यस अध्ययनको जनसङ्ख्याको रूपमा लिएको छ ।

### ३.३.२ नमूना आकार (Sample Size)

यस अध्ययनमा २९९ घरधुरी मध्ये १५० घरधुरी भित्र बसोबास गर्ने २०० जना विवाहित महिलाहरूलाई ३५.६५ प्रतिशत हुन आउने गरी यस अध्ययनको नमूना आकारको रूपमा लिएको छ ।

### ३.३.३ नमूना रणनीति (Sampling Strategy)

यस अध्ययनका नमूना रणनीतिहरू यसप्रकार छन् ।

१. यो शोधपत्रमा झापा जिल्ला चकचकी गा.वि.स. अन्तर्गत ९ वटा वडा मध्ये उद्देश्यमुलक नमूना छनोट विधिको आधारमा वडा नं. ७ लाई छनोट गरिएको छ । किनभने यस वाडमा अन्य वाड भन्दा घरधुरी सङ्ख्या उच्च रहेकाले यसलाई छनोट गरिएको हो ।

२. यस अध्ययन क्षेत्रमा रहेका ५६१ महिलाहरूको जनसङ्ख्या मध्येबाट २०० जनालाई सम्भावना युक्त नमूना छनोट विधिको आधारमा व्यवस्थित (Systematic Random Sampling) नमूना छनोट विधिको प्रयोग गरी नमूना छनोट गरिएको छ ।

३. यस अध्ययनमा १८ देखि ६० वर्षका उमेरका विवाहित महिलाहरूको कुल जनसङ्ख्या ५६१ मध्ये २०० जनालाई ३५.६५ हुन आउने गरी जनसङ्ख्याको रूपमा छनोट गरिएको छ ।

४. अध्ययन क्षेत्रका महिलाहरूको घरमुलीका रूपमा उद्देश्यमूलक नमूना छनोट आधारमा प्रत्येक घरधुरीबाट १/१ जना हुन आउने गरी १५० घरमुली छनोट गरिएको छ ।

## ३.४ अध्ययनको क्षेत्र (Study Area/Field)

नेपालको पूर्वाञ्चल विकासक्षेत्र पर्ने झापा जिल्लाको चकचकी गा.वि.स. भित्र पर्ने ९ वटा वडाहरू मध्ये वडा नं. ७ अध्ययनको क्षेत्र हो ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरू (Tools of Data Collection)

यस अनुसन्धानका निमित्त तथ्याङ्कहरू संकलन गर्ने प्रमुख औजार प्रश्नावली हो । यस बाहेक अवलोकन र असंरक्षति अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । जसलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनमा तथ्याङ्कहरू संकलनका लागि नमूना छनोटमा परेका महिलाहरूको लागि प्रश्नावली निर्माण गरिएको छ । निर्माण गरिएको प्रश्नावली महिलाहरूको सामाजिक आर्थिक तथा शैक्षिक अथवा निर्णय प्रकृयामा उनीहरूको भूमिका र वैवाहिक स्थिति सम्बन्धी धारणा पत्ता लगाउन प्रयोग गरिएको छ । उक्त प्रश्नावलीलाई अनुसूची १ मा राखिएको छ ।

### ३.५.२ अवलोकन सूची (Observation List)

अध्ययनको क्रममा दैनिक, आर्थिक र राजनैतिक विकास, महिला स्वतन्त्रता घर भित्रको सानो निर्णय देखि सामाजिक निर्णयहरूमा सहभागिता महिलाको शिक्षा स्वास्थ्य आदिको अवस्था बारेमा अवलोकन गरिएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion Guide)

यस अध्ययन क्षेत्रका महिलाहरूको आम्दानीका स्रोतहरू खर्चका क्षेत्रहरू सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा महिला सशक्तिकरणले पारेको प्रभाव साथै महिलाहरूले भोगिरहेको समस्या र त्यसलाई समाधान तर्फ ल्याउन गर्नुपर्ने महिलाहरूसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरूको लागि नमूना छनोटमा परेका महिलाहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका तरिकाहरू (Techniques of Data Collection)

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि अन्तर्वार्ता अवलोकन विधिको प्रयोग गरिएको छ ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

यस अनुसन्धानको लागि आवश्यक तथ्याङ्क संकलनका लागि अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भएर महिलाहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिएको छ । अध्ययनलाई उद्देश्यमूलक बनाउनको लागि महिलाहरूको शैक्षिक अवस्थ, आर्थिक अवस्था उनीहरूले भोगिरहेका आर्थिक सामाजिक समस्याहरू परिवारको किसिम आदि पक्षसँग सम्बन्धित रहेर प्रत्यक्ष अन्तर्वार्ता गरी आवश्यक तथ्याङक संकलन गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्याङ्क संकलनमा लागि अनुसन्धानकर्ता स्वयम् नमूना छनोट गरिएका महिलाहरूको क्षेत्रमा पुगी महिला सशक्तिकरणले महिलाहरूको साना तथा ठूला वस्तु किनमेलमा घरायसी निर्णयमा पुऱ्याएको योगदानको अवलोकन गरिएको छ ।

### ३.६.३ लक्षित समूह छलफल (Focused Group Discussion)

यस अध्ययनको उद्देश्य पुरा गर्ने शिलशिलामा अनुसन्धानकर्ता स्वय उपस्थित भई आफ्नो क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण विवाहित महिलाहरू मध्ये नमूना छनोटमा परेका हरेक समुदायका २० जना महिलाहरू र घरमूलीहरूमध्ये १५ जना, वृद्धिजीवि २ जना, स्वयम्सेवीका १ जना समाजसेवी २ जना गरी ४० जनाको समूहलाई ४ भागमा पर्ने गरी १० जनाको समूहमा पर्ने गरी दुर्गा मन्दिर भित्र रहेको सामुदायिक भवनमा सामाजिक स्वयम्सेवीका दिदी उर्मिला दाहालको सहयोगमा उनीहरूको उत्तर टिपोट गरिएको थियो । यसरी टिपेको उत्तर विश्लेषण गरी त्यसबाट आवश्यक तथ्याङ्क संकलन गरियो । यो छलफल गर्दा लक्षित समूह छलफल निर्देशिका र छलफलको लागि प्रश्न पत्र निर्माण गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलनगर्ने प्रश्नवलीहरू लिएर अध्ययन कर्ता स्वयम् अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रूपमा उत्तरदाताहरूलाई भेटघाट गरी आफ्नो उद्देश्य स्पष्ट रूपमा उनीहरूसँग प्रष्ट पार्दै तथ्याङ्क

संकलनका साधनहरूको माध्यमबाट सूचना संकलन गरिएको थियो । अध्ययनको लागि आवश्यक पर्ने द्वितीय तथ्याङ्क संकलनका लागि अध्ययनकर्ता स्वयम् द्वितिय तथ्याङ्क संकलनका लागि द्वितीय तथ्याङ्क स्रोतहरूसँग पुगेर तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.८ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण तौरतरिकाहरू (Data Anlaysis and Interpretation Procedure)

यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि र संकलित तथ्याङ्कलाई सुव्यवस्थित तरिकाले प्रस्तुत गर्नको लागि तथ्याङ्कका सामान्य विधिहरू प्रयोग गरी प्रतिशत निकाल्ने औषत निकाल्ने तालिकीकरण गर्ने कार्य गरिएको छ । यसरी प्राप्त भएका प्रतिशत औषत तथा वृत्तचित्रको सहायताको तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# अध्याय : चार (CHAPTER–FOUR)

## ४. परिणामको विश्लेषण र व्याख्या (Analysis and Interpretation of the Result)

### ४.१ झापा जिल्लाको परिचय (Introduction of Jhapa District)

झापा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने एक तराईको जिल्ला हो यो जिल्ला नेपालको सुदुरपूर्वमा अवस्थित छ । भारतसँगको पूर्वी नाकालाई यसै जिल्लाले जोडेको छ । यसको उत्तरी सिमाना इलाम, पूर्वी सिमाना मेची नदी जुन नेपालको पनि पूर्वी सिमाना हो । परिचमा मोरङ्ग र दक्षिणमा भारत पर्दछ । यस जिल्लामा ४१ गा.वि.स. र ६ वटा नगरपालिका रहेका छन् । यस जिल्लाको सदरमुकाम चन्द्रगदी हो जुन अध्ययन क्षेत्र भन्दा १२ कि.मि. टाढा पर्दछ (सहकारी विभाग, २०६०) ।

### १. भौगोलिक अवस्था (Geographical Position of Jhapa District)

नेपालको कुल क्षेत्रफलको ०.११ प्रतिशत ओगटेको झापा जिल्ला भौगोलिक रूपमा २६°३९' देखि २७°१०' उत्तरी अनांश र ८६°०'९" देखि ८७°१'०" सम्म पूर्वी देशान्तरमा रहेको छ । यो जिल्ला सामुन्दीक सतहदेखि न्यूनतम ६३ मिटर र अधिकतम ३८० मिटरको उचाइ रहेको छ । यस जिल्लाको हावापानी जोडा मौसममा धेरै जाडो र गर्मी मौसममा पनि धेरै गमी हुने गर्दछ । गर्मी मौसम अर्थात् चैत वैशाखको समयमा अधिकतम ३८ डिग्री सेल्सीयस र न्यूनतम १५ डिग्री सेल्सीयससम्म पुग्छ भने जाडो मौसम अर्थात् पुष, माघ महिनामा भने अधिकतम २८ देखि १० डिग्री सेल्यीयससम्म तापक्रम हुने गर्दछ । असार श्रावण महिनामा भने अत्याधिक वर्षा हुने गर्दछ । यस जिल्लाको कुल क्षृत्रफल १ हजार ६०६ वर्ग कि.मि रहेको छ । यस । जिल्लाको पूर्व पश्चिम लम्बाई ४६ कि.मि छ भने उत्तरु द्यीक्षणको चौडाई २९ कि.मि रहेको छ । यो जिल्ला पूर्ण रूपमा समथर भूभाग मिलेर बनेको छ भने यहााको माटो उत्पादनको दृष्टिले धेरै उर्वर छ । जिल्लाको कुल क्षेत्रफलको ९३.० दशमलव ९० प्रतिशत भूमि कृषि व्यवसायको लागि एकदमै उपयुक्त छ । कुल क्षेत्रफलको १० दशमलव ३० प्रतिशत भूमिका वन क्षेत्रले ढाकेको छ भने १ दशमलव ३० प्रतिशत

नदीनालाहरू रहेका छन् शुन्य दशमलव ३० प्रतिशत भूमिका चिया खेती रहेको छ ( जि.वि.स., २०७२) ।

यस जिल्लामा १ लाख ३७ हजार ३०१ परिवा रहेका छन् भने कुल जनसङ्ख्या ६ लाख, ८८ हजार १०९ रहेको छ । यस मध्ये ३ लाख ९१ हजार ६७५ अर्थात् ४९ दशमलव ६६ प्रतिशत पुरुष र ३ लाख ४६ हजार ४३४ अर्थात् कुल जनसङ्ख्याको ५० दशमलम ४३ प्रतिशत महिला रहेका छन् यहाँका जनघनत्व प्रति वर्ग कि.मि. ४२८ जना रहेको छ । यस जिल्लाको जनसङ्ख्या वृद्धिदर १ दशमलव ४८ प्रतिवर्ष र साक्षरता दर ६७.१० प्रतिशत छ । यहाँका जनसङ्ख्यामा जातिय, धार्मिक तथा अन्य रूपमा विविधता पाइनछ । उत्तरी क्षेत्र अर्थात् इलाम पाँचथर र ताप्लेजुङ्ग जिल्लाबाट जिल्लाको उत्तर भेगमा बसाइ सरेर आउनेको सङ्ख्या बढ्दो छ यस कारण यहाँको जनसङ्ख्या पनि परिवर्तन आइरहने गर्दछ । यो जिल्लाको उत्तर भेगमा ब्राह्मण, क्षेत्री, नेवार, लिम्बु, गुरुङ्ग, मगर, कामी दमाई आदि जातिहरूको बाहुल्यता छ भने दक्षिणी भेगतिर मुख्य गरेर तराई मुलका आदिवासीका रूपमा चिनिने राजवंशी चौधरी सथाल (सतार), धिमाल, मेच, कोचे आदि जातिहरूको बाहुल्यता रहेको छ । यी जातिय विविधता बिचमा भाषिक विविधता पनि रहेको छ भने धार्मिक रूपमा विविधता र धार्मिक सहिष्णुता रहेको छ (जि.वि.स., २०६८) ।

## २. हावापानी (Monson)

झापा जिल्लाको हावापानी अर्धकृष्ण प्रकृतिको रहेको । ग्रीष्मकालमा यहाँको हावापानी ३२ देखि ३५ सेल्सीयस र शितकालमा ८ देखि १५ डिग्री सेल्सीयस सम्म पुग्दछ । यहाँ वाषिृक रूपमा २७१.७५ मि.मि. पानी पर्दछ । झापा जिल्लामा अम्लीय किसिमको माटो पाइन्छ । झापा जिल्लामा मुख्य नदीनालाहरूमा मावा रतुवा विरिङ्ग मेची र कन्काइ रहेका छन् । यहाँका प्रयतकीय तथा धार्मिक स्थलहरूमा केचनाकवल, कन्काइ, दोमुखा वनै चियाबगान, वारदशी, कुलठलगुडी, महेन्द्र पार्क, किच्चकवध, समयगढ, चिलागढ, कृष्णथुक्की अीद रहेका छन् (जि.वि.स., २०७२) ।

## ३. आर्थिक अवस्था (Economic Condition)

झापा जिल्लाको मुख्य खेती भनेको धान, मकै, गहुँ, कोदो तरकारी खेती रहेको छ । यहाँका अधिकांश मानिसहरूको आयस्रोत खेती भएपनि व्यापार व्यवसायमा पनि उत्तीकै

संलग्न रहेको पाइन्छ । यसैगरी निजामति कर्मचारी शिक्षण पेशामा पनि आवद्ध छन् । यहाँका प्रायः मानिसहरू मध्यम परिवारका रहेका छन् । तैपनि आर्थिक सुधारको नीति वैदेशिक रोजगारीमा जानेको सङ्ख्या पति प्रशस्त रहेको पाइन्छ । यसैको कारणले आर्थिक विकासमा पनि टेवा पुऱ्याएको छ र झापा जिल्लाको केही भाग अर्थात् उत्तर र दक्षिणतले चुरे जङ्गलले ढाकेको हुनाले हर्रो बर्रो अमला तितेपाती कुरिलो टिमुर सल्ला रिट्ठा जस्ता जडीबुटीहरू पाइन्छ । यस जिल्लाको अधिकांश भाग सडकले जोडीसकेको छ साथै हवाई मैदानपनि रहेको छ (जि.वि.स., २०७२) ।

### ४. सामाजिक अवस्था (Social Condition)

झापा जिल्लामा विभिन्न जातिहरूको बसोबास रहेको छ तराईमा पर्ने यो जिल्ला जनजाति मधेसी दलित र अन्य रहेका छन् । विभिन्न जातजातिको बसोबास रहेता पनि यस जिल्लामा जातिय र धार्मिक सहिष्णुता रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

### ५. शैक्षिक अवस्था (Educational Condition)

झापा जिल्ला शैक्षिक क्षेत्रमा अग्रगतिमा रहेको जिल्लाहरू मध्ये एक हो । शैक्षिक क्षेत्रमा उल्लेख्य रूपमा सामुदायिक तथा निजी विद्यालयहरू सञ्चालित रहेको छन् । बितेका दशवर्ष भित्र झापामा साक्षरता ६०.६ प्रतिशतबाट १५.२ प्रतिशतले बढेर ७५.८ प्रतिशत पुगेको देखिन्छ । समग्र राष्ट्रको साक्षरता हाल ६५.९ प्रतिशत रहेको तथा दश वर्षमा ११.८ प्रतिशत प्रगति भएको देखिन्छ । झापामा अहिले पनि पुरुष र महिलाको साक्षरता दरमा भने ठूलो फरक देखिन्छ । महिलाको साक्षरतादर भन्दा पुरुषको साक्षरता दर १६ प्रतिशत भन्दा बढीले फरक रहेको देखिन्छ (जि.शि.का., २०७२) ।

## ४.२ चकचकी गा.वि.स. को परिचय (Introduction of Chackchaki VDC)

नेपालको पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने झापा जिल्लाको ४१ वटा गा.वि.स. हरू मध्ये चकचकी गा.वि.स. सोही जिल्लाको मध्यपूर्वी भाग अवस्थित गा.वि.स. हो । यस गा.वि.स. को पूर्वी सिमाना गरामनी र गोलधाप गा.वि.स. रहेको छ । उत्तरमा डागिबारी गा.वि.स. पश्चिममा शरणामति गा.वि.स. र दक्षिणमा राजगढ गा.वि.स. रहेको छ । यस गा.वि.स. ८०.४ देखि ८८.१२ डिग्री पूर्वी देशान्तर र २६.२२ देखि ३०.२६ डिग्री उत्तरी

आक्षांशमा पर्दछ । यो गा.वि.स. सदरमुकामबाट ३४ कि.मि. दुरिमा रहेको छ । यस गा.वि.स. कुल क्षेत्रफल ४३४० विद्या रहेको छ जसमा जम्मा जनसङ्ख्या १२,२३८ जना पुरुष ६५४८ जना र महिला ७६९० जना रहेको छ । यो गा.वि.स. लाई जम्मा ९ वटा वडामा विभाजन गरिएको छ (गा.वि.स., २०७२) ।

यस गा.वि.स. मा विभिन्न समुदायका मानिसहरू बसोबास गर्ने गरेको पाइन्छ । जसमा मेचे, राजवंश, ब्रामहण, क्षेत्री, राई, लिम्बु आदि शिक्षित समुदायहरूको बसोबास रहेको छ । साथै नेपालको अल्पसङ्ख्यक जातिको सुचीमा रहेको मेचे समुदायलाई नेपाल सरकारले प्रति व्यक्ति रु १००० दिदै आएको छ । साथै यस गा.वि.स. मा दशैको पूर्णिमाको दिनमा फुलबारी भन्ने ठाउँमा फूलबारी मेला लाग्ने गर्दछ । यस गा.वि.स. को माटो कृषि क्षेत्रका लागि उपयुक्त मानिएको छ । जस अन्तर्गत नगदेबालीहरू र अन्य कृषि बालिहरूबाट राम्रो आम्दानी लिन सकिन्छ । धान, मकै खेतीका लागि यस गा.वि.स. ले राम्रो आम्दानी दिएको छ । यस गा.वि.स. मा विभिन्न सरकारी र गैर सरकारी संघ सङ्ख्याहरू सञ्चालनमा रहेका (गा.वि.स., २०७२) ।

### १. शैक्षिक अवस्था (Educational Condition)

चकचकी गा.वि.स. को साक्षरता दरको अवस्था हेर्दा पुरुष ८५.६९ र महिलाको साक्षरता ६९.२७ प्रतिशत रहेको छ । सरकारी विद्यालय अन्तर्गत बाल विकास केन्द्र ५, प्रा.नि. ५, नि.मा.वि. ३ र मा.वि. २, उच्च मा.वि. १ रहेको छ (गा.वि.स., २०७२) ।

### २. सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition)

चकचकी गा.वि.स. विभिन्न जातिजातिको बसोबास रहेको छ । यहाँ राजवंशी जातिको बाहुल्यता भएपनि अन्य चौधरी, राई, नेवार, ब्राह्मण, क्षेत्री, मगर, कामी, तामाङ्ग, शेर्पा, दमाई, डुम, सेतार, सन्थाल, मधेशी, जातिहरूको पनि बसोबास आफ्नै धार्मिक सांस्कृतिक भाषिक र जीवन शैलीमा विविधता रहेको छन् । यहाँ हिन्दू, बौद्ध, किराँत, मुस्मिल, किश्चियन, आदि धर्म मान्दछन् । यस प्रकार सबै जाति र धर्मावलम्बीहरू मिलेर बसेको हुनाले धार्मिक सहिष्णुता रहेको पाइन्छ (गा.वि.स., २०७०) ।

### ३. आर्थिक अवस्था (Economic Condition)

चकचकी गा.वि.स. मा मुख्य रूपमा खेतीपाती गरिदै आएको छ । मुख्य गरी यहाँ धान, मकै, कोदो, गहु खेती गरिन्छ भने केही मानिसहरू व्यापार व्यवसाय केही मानिसहरू निजामति सेवा तथा वैदेशिक रोजगारीमा गएका छन् । विकासको पूर्वाधारको रूपमा यहाँ बाघे बिजुली शिक्षा, यातायातको साधनको व्यवस्था रहेको छ विकासका पूर्वाधारहरूको सन्दर्भमा चकचकी गा.वि.स. वडा नं. ५, ६, ७ लाई लक्षित गरी एशियाली विकास बैंक (ADV) को सहयोगमा रु एक करोड भन्दा बढीको लगानीमा एक खानेपानी आयोजना तथा भूमिगत पानीको स्रोत गरी गा.वि.स. मा खानेपानीको आपूर्ति भइरहेको छ । यसैगरी सञ्चार क्षेत्रमा यस गा.वि.स. मा नेपाल टेलिकमको नमस्ते र स्काइ टेलिफोन सेवा एनसेल मोबाइल फोन सेवा यस गा.वि.स.मा सञ्चालनमा रहेका छन् । यस गा.वि.स. मा २०५८ सालदेखि नेपाल विद्युत प्राधिकरणले विद्युत सेवा प्रदान गरिरहेको छ साथै सडक मर्मत कार्य पनि वि.सं. २०६९ देखि सञ्चालनमा रहेको छ । साथै वडा नं. ६ र ७ लाई जोड्ने धागरा खोलामा पक्की पुलको पनि निर्माण कार्य सञ्चालन भइरहेको छ (गा.वि.स., २०७०) ।

## ४.३ नमूना छनोट घरपरिवारको जनसांख्यिकीय अवस्था (Demographic Condition of Sampled Family Size)

झापा जिल्लाको चकचकी गा.वि.स. वडा ७ मा रहेका जम्मा २९९ घरपरिवार मध्ये छनोटमा परेका १५० घरपरिवारको पारिवारिक जनसङ्ख्या अवस्थाको अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तल प्रस्तुत गरिएको छ ।

### ४.३.१ उमेरगत जनसङ्ख्या (Agewise Population)

उमेरले मानिसले सामाजिक, आर्थिक, शैक्षिक तथा विभिन्न पक्षमा ठूलो प्रभाव पारेको हुन्छ । सूचना संकलनका क्रममा विभिन्न उमेरका महिलाहरूसँग अन्तर्वार्ता लिएको थियो यस अध्ययनमा महिलाहरू कुन उमेर समूहका छन् भन्ने कुरालाई निम्न तालिकाद्वारा स्पष्ट पारिएको छ ।

### तालिका ४.१

### नमूना छनोट क्षेत्रको उमेरगत जनसङ्ख्या विवरण-२०७१

| उमेर वर्षमा | जनसङ्ख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| ०-४ | १२ | ९ | २१ | ३.१० |
| ५-१४ | ६६ | ७१ | १३७ | २०.२३ |
| १५-५९ | २२३ | २३१ | ४५४ | ६७.०७ |
| ६० वर्ष भन्दा माथि | ३७ | २८ | ६५ | ९.६० |
| जम्मा | ३३८ | ३३९ | ६७७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

नमुना छनोट क्षेत्रको उमेरगत जनसङ्ख्या हेर्दा सबैभन्दा बढी १५-५९ उमेरसमूहमा ४५४ जनसङ्ख्या रहेको पाइयो । त्यस्तो ५-१४ वर्ष उमेर समूहमा १३७ जनसङ्ख्या रहेको पाइयो त्यस्तै ०-४ उमेर समूहमा २१ र ६० वर्ष माथि ६५ जना जनसङ्ख्या भएको पाइयो ।

### ४.३.२ पेशाको आधारमा (Distribution by Occupation)

यस अध्ययन क्षेत्रमा रहेका जनसङ्ख्या मध्ये नमूना छनोटमा परका घरपरिवार मध्ये बढी कृषि पेशामा संलग्न भएको पाइयो । यस अध्ययनमा नमूना छनोटमा १५० घरपरिवारमा बालबालिकाहरू जन्मदेखि १५ वर्षसम्मका २२४ जना रहेका छन् । तिनीहरूलाई यस अध्ययनमा विश्लेषण गरिएको छैन । व्यक्तिहरू विभिन्न पेशामा संलग्न रहेको पाइन्छ । जसलाई निम्नानुसार देखाइएको छ ।

### तालिका ४.२

### पेशाको आधारमा जनसङ्ख्या विवरण-२०७१

| क्र.सं. | पेशागत विवरण | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २३० | ४४.३२ |
| २ | व्यापार | ८८ | १६.९५ |
| ३ | नोकरी | ३७ | ७.१२ |
| ४ | ज्यालामजदुरी | ५८ | ११.१७ |
| ५ | वैदेशिक रोजगारी | १०६ | २०.४२ |
| | जम्मा | ५१९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

अध्ययन क्षेत्रमा रहेका १५० घरपरिवारको जनसङ्ख्यालाई पेशागत आधारमा अध्ययन गर्दा कृषिमा २३० जनसङ्ख्या संलग्न रहेको पाइयो । त्यस्तै व्यापारमा ८८ जनसङ्ख्या संलग्न रहेको पाइयो । ३७ ले नोकरीमा संलग्न रहेको जनाएका छन् भने ५८ ले मजदुरी गर्ने गरेको र १०६ जना वैदेशिक रोजगारमिा संलग्न रहेको पाइयो ।

### ४.३.३ जातिगत आधारमा जनसङ्ख्या (Distribution by Ethnicity)

यस अध्ययन क्षेत्रमा रहेका जनसङ्ख्या मध्ये नमूना छनोट घरपरिवारको जनसङ्ख्यालाई जातिगत आधारमा तलको ताकिलमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**जातिगत आधारमा जनसङ्ख्या विवरण-२०७१**

| विवरण | सङ्ख्या जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | २४६ | ३६.३४ |
| नेवार | ६३ | ९.३१ |
| लिम्बु | ५४ | ७.९८ |
| राई | ४२ | ६.२० |
| मगर | ३२ | ४.७३ |
| मेचे | ६४ | ९.४६ |
| सतार | ५४ | ७.९८ |
| दैजी | २८ | ४.१४ |
| विश्वकर्मा | ३० | ४.४३ |
| राजवंशी | ४२ | ६.२१ |
| अन्य | २२ | ३.२५ |
| जम्मा | ६७७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

यस नमुना छनोट क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्यालाई जागित रूपमा हेर्दा सबैभन्दा बढी ब्राह्मण क्षेत्री २४६ रहेको जुन कुल जनसङ्ख्या ३६.३४ प्रतिशत रहेको पाइयो । त्यस्तै नेवार ६३ जुन ९.३१ प्रतिशत हुन आउँछ । त्यस्तै लिम्बु ५४ जनाको ७.९८ प्रतिशत हुन आउँछ । त्यस्तै क्रमश राई मगर मेचे सतार दर्जी विश्वकर्मा, राजवंशी र अन्य

गरेर क्रमशः ४२, ३२, ६४, ५४, २८, ४२, २२ को ६.२०, ४.७३, ९.४६, ७.९८, ४.१४, ४.४३, ६.२१, ३.२५ प्रतिशत रहेको देखिन्छ ।

## ४.४ नमूना छनोट महिलाहरूको सामाजिक अवस्था (Social Condition of Sampled Women)

यस अध्ययनको दोस्रो उद्देश्य महिलाहरूको सामाजिक अवस्थाको अध्ययनसँग सम्बन्धित छ । सामाजिक अवस्था अन्तर्गत विवरणमा परिवारको किसिम छोराछोरी प्रतिको धारणा, दाइजो प्रथा सम्बन्धी धारणा, घरायसी कामकाजमा पुरुषको सहयोग, विवाह गर्दाको उमेर, गर्भपतन सम्बन्धी निर्णय परिवार नियोजनको साधनको प्रयोग सम्बन्धी निर्णय बिरामी हुँदा जाने ठाउँ बारेमा विश्लेषण गरिएको छ ।

### ४.४.१ परिवारको किसिम (Family Structure)

अध्ययन क्षेत्रमा बस्ने उत्तरदाता महिलाहरूको परिवारको किसिम कस्तो रहेको छ भन्ने बारेमा जानकारी लिनको लागि प्रश्नावली समावेश गरिएको थियो । प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**परिवारको किसिम विवरण-२०७१**

| क्र.सं. | परिवारको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ११२ | ७७.६६ |
| २ | संयुक्त | ३८ | २५.३४ |
| जम्मा | | १५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

यस तालिका अनुसार ७४.६६ प्रतिशत महिलाहरू एकल परिवारमा बसेको पाइयो । २५.३४ प्रतिशत महिलाहरू मात्र संयुक्त परिवारमा बसोबास गरेको पाइयो यसबाट के प्रष्ट हुन्छ भने आजको समयमा ग्रामीण परिवारमा पनि एकल परिवारको सङ्ख्या बढ्दै गएको पाइयो ।

### ४.४.२ छोराछोरी प्रतिको धारणा **(Concept of the Children)**

यस अध्ययन क्षेत्रमा महिलाहरूको छोरा र छोरीको बारेमा चाहनाको प्रश्नावली पनि समावेश गरिएको थियो । यसको विवरण यसप्रकार रहेको छ ।

**तालिका ४.५**

**छोराछोरी प्रतिको धारणा विवरण-२०७१**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोरा | ८५ | ४२.५ |
| २ | छोरी | ४५ | २२.५ |
| ३ | दुवै | ७० | ३५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको यस तालिका अनुसार ४२.५ प्रतिशत महिलाहरूको छोरा नभई नहुने धारणा राखेको पाइयो भने २२.५ प्रतिशतले छोरी मात्र भएनि पुग्ने भन्ने धारणा राखेको पाइयो तर छोराको चाहनामा २ वटा, ३ वटा छोरीसम्म जन्माएको पाइयो ।

### ४.४.३ धर्म अनुसार महिलाहरूको वितरण **(Distribution of Sampled Women by Religious)**

यस अधययन क्षेत्रका महिलाहरूमा जातिय विभिन्नता सँगै धार्मिक रूपमा पनि भिन्नता पाइन्छ । यहाँ धार्मिक दृष्ट्रिकोण हिन्दु धर्म मान्ने महिलाहरू धेरै रहेका छन् । त्यसै गरेर दोस्रो बौद्ध, तेस्रो इसाइ धर्मावलम्बीहरू छन् । यसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**धर्म अनुसार महिलाहरूको विवरण-२०७१**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १७४ | ८७ |
| २ | बौद्ध | १८ | ९ |
| ३ | इसाई | ८ | ४ |
| | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

यहाँ हिन्दु धर्म मानने सबैभन्दा बढी १७४ अर्थात् ८७ प्रतिशत रहेका छन् भने बौद्ध धर्म मान्ने १८ अर्थात् ९ प्रतिशत र इसाइ धर्म मानने ८ अर्थात् ४ प्रतिशत धमालम्बी महिलाहरू रहेको पाइयो ।

### ४.४.४ विवाह गर्दाको उमेर (Age of Marriage)

नेपाली परम्परा अनुसार हाम्रो समाजमा प्रायः जसो सानै उमेरमा विवाह गर्ने गरेको पाइन्छ । छोराछोरीको विवाह गरेपछि आफ्नो जिम्मेवारी पुरा गरेको अनुभव अभिभावकले गर्ने गर्दछन् । नमूना छनोटमा महिलाहरूको विवाह कति वर्षमा भएको रहेछ भन्ने कुराको पनि अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्रापत नतिजालाई तल तालिकामा देखाइएको छ ।

**तालिका ४.७**

**उत्तरदाता महिलाहरूको विवाह गर्दाको उमेरको विवरण-२०७१**

| क्र.सं. | उमेर (वर्षमा) | विवाहित सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५-१८ | ३८ | १९ |
| २ | १९-२२ | १०६ | ५३ |
| ३ | २३ भन्दा माथि | ५६ | २८ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिका अनुसार १९ देखि २२ वर्षमा उमेरमा सबैभन्दा बढी अर्थात्, ५३ प्रतिशत महिलाहरू भएको पाइन्छ भने २३ वर्षभन्दा माथि २८ प्रतिशत र १५-१८ वर्षको उमेर समूहमा १९ प्रतिशत महिलाहरूको विवाह भएको पाइयो ।

### ४.४.५ दाइजो प्रथा सम्बन्धी (Concept of Denary System)

दाइजो प्रथा नेपाली समाजमा प्रचलित परम्पराको रूपमा रहदै आएको छ । छोरीलाई दिंदा सुख हुन्छ भन्ने मान्यताले पनि दाइजो लिने दिने प्रचलन बढेको छ । त्यसकारण अध्ययन क्षेत्रमा छनोटमा परेका महिलाहरूलाई छोरीलाई दाइजो दिनु ठिक छ कि छैन भनेर प्रश्न गर्दा निम्न अनुसारको स्थिति पाइयो ।

## तालिका ४.८

## नमूना छनोट महिलाको दाइजो सम्बन्धी धारणा-२०७१

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ठिक | ६४ | ३२ |
| २ | बेठिक | १३६ | ६८ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिकाको आधारमा हेर्दा ३२ प्रतिशत महिला दाइजो प्रथालाई अझै मान्यता दिने रहेछन् भने ६८ प्रतिशत महिलाहरूले दाइजो दिनु बेठिक हो भनेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने महिलाहरू अझै पनि दाइजो प्रथालाई संस्कारको रूपमा लिने गरेको देखियो ।

### ४.४.६ घरायसी कामकाजमा पुरुषको सहयोग (Male Helpness for House Works)

महिलाहरू प्रायः जसो घरायसी कामकाजमा नै व्यस्त रहन्छन् । विहान चाडै उढ्ने र बेलुका अबेरसम्म काम गर्ने महिलाहरू नै हुन्छन् । घरायसी काममा सँगसँगै खेतीपाती र जागिरमा पनि महिलाहरू संलग्न रहेको पाइयो । नमूना छनोटमा परेका महिलाहरूले घरायसी कामकाजमा पुरुषको सहयोग प्राप्त गरेका छन् छैनन् भन्ने कुरा तल तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ४.९

## घरायसी काममा पुरुषको सहयोगको विवरण-२०७१

| क्र.सं. | विवरण | महिला | प्रतिशत |
|---|---|---|---|
| १ | सहयोग पाउँछु | ६८ | ३४ |
| २ | सहयोग पाउदिन | ४४ | २२ |
| ३ | अलिअलि पाउँछु | ८८ | ४४ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका अनुसार घरायसी कामकाजमा ३४ प्रतिशत महिलाहरूलाई पुरुषले सहयोग गरेको पाइयो भने २२ प्रतिशत महिलाहरूलाई पुरुषहरूले घरायसी काममा सहयोग गर्ने गरेको पाइएन । त्यसैगरी ४४ प्रतिशत महिलाहरूलाई घरायसी काममा पुरुषले अलिअलि मात्र सघाएको पाइयो ।

### ४.४.७ गर्भपतन सम्बन्धी महिलाको निर्णय (Quadrate Decisions of Women)

अध्ययन क्षेत्रमा छनोटमा परेमा महिलाहरूलाई नचाहादा नचाहादै तपाईहरूको गर्भ रहन गएको अवस्थामा गर्भपतन गराउनुपर्ने अवस्था वा अन्य अवस्थामा गर्भपतन गराउनु पर्दा कसले निर्णय गर्नुहुन्छ भन्ने प्रश्न गरिएको थियो । जसबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०**

**छनोटमा परेका महिलाहरूको गर्भपतन सम्बन्धी निर्णय-२०७१**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला आफैले निर्णय गर्ने | ५६ | २८ |
| २ | महिलाले निर्णय नगर्ने | २६ | १३ |
| ३ | दुवैको सल्लाहबाट निर्णय गर्ने | ११८ | ५९ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिका अनुसार गर्भपतन गराउँदा आफै निर्णय गर्ने महिलाहरूको प्रतिशत २८ प्रतिशत रहेको छ । छनोटमा परेका महिलाहरू मध्ये ५९ प्रतिशत महिला पुरुषको दुवैमा निर्णयमा गर्भपतनको निर्णय हुने गर्दछ । १३ प्रतिशत महिलाहरूको गर्भपतन सम्बन्धी निर्णयमा कुनै पनि भूमिका नरहेको पाइयो ।

### ४.४.८ परिवार नियोजनको अस्थायी साधनको प्रयोगमा महिलाको निर्णय (Women Decision for the Uses of Temporality Family Planning)

परिवार नियोजनको अस्थायी साधनको प्रयोग वा नगर्ने कुरामा महिलहरूको भूमिका के कस्तो छ भनि अध्ययन गरिएकोमा परिवार नियोजनको अस्थाइ साधन प्रयोगमा महिलाहरूको निर्णय राम्रो रहेको पाइयो । जसलाई तल तालिका देखाइएको छ ।

### तालिका ४.११

### नमूना छनोट क्षेत्रमा महिलाहरूको परिवार नियोजनको अस्थायी साधन प्रयोग सम्बन्धी निर्णय-२०७१

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला आफैले निर्णय गर्ने | ८२ | ४१ |
| २ | महिलाले निर्णय नगर्ने | ३२ | १६ |
| ३ | दुवैको सल्लाहबाट निर्णय गर्ने | ८६ | ४३ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिका अनुसार परिवार नियोजनको अस्थायी साधनको प्रयोग गर्नेका नगर्ने र गर्न परेपनि साधन प्रयोग गर्ने भन्ने उनमा सबैभन्दा बढी ४३ प्रतिशत महिला तथा पुरुष दुवैको निर्णयबाट हुने गरेको पाइएको छ । छनोटमा परेका महिलामध्ये ४१ प्रतिशत महिलाहरू आफैले परिवार नियोजनको अस्थायी साधनको प्रयोगको निर्णय गर्न गर्दछन् । त्यसैगरी १६ प्रतिशत महिलाहरूको परिवार नियोजनका अस्थायी साधन प्रयोगमा निर्णय कुनै पनि भूमिका नरहेको पाइयो ।

### ४.४.९ पारिवारिक समस्यामा लिइने निर्णय (Decision Making in Family Problem)

नमूना छनोटमा परका महिलाहरूको पारिवारिक समस्याहरूको निर्णय गर्दा महिलाहरूको सहभागिता कति ६ भनी अधययन गरिएको थियो । पारिवारिक निर्णय भित्र छोराछोरी कहाँ पढाउने जग्गा किनबेच र ऋण लिनेदिने सम्बन्धी गरिएको थियो जसबाट प्राप्त नतिजालाई तल प्रस्तुत गरिएको छ ।

### तालिका ४.१२

### नमूना छनोट महिलाहरूको पारिवारिक निर्णय प्रक्रियाको विवरण-२०७१

| क्र.सं. | विवरण | निर्णय गर्ने | प्रतिशत | निर्णय नगर्ने | प्रतिशत | सल्लाहबाट निर्णय गर्ने | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | छोराछोरी कहाँ पठाउने | ७८ | ३९ | ४६ | २३ | ७६ | ३८ |
| २ | जग्गा किनबेच | ४२ | २१ | ७६ | ३८ | ८२ | ४१ |
| ३ | ऋण लिने दिने | ३२ | १६ | १२८ | ६४ | ४० | २० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिकाको अध्ययन गर्दा पारिवारिक निर्णयहरूमा महिलाहरूको एकल निर्णय कम देखिन्छ छोराछोरी कहाँ पढाउने भन्ने कुराको निर्णयमा महिलाको निर्णय बढी देखिए पनि जग्गा किन बेच र ऋण लिने दिनेमा महिलाको निर्णय कम देखिन्छ ।

### ४.४.१० मासिक श्राव (Meansuations)

यहाँको स्थानीय महिलाहरु धेरै आफ्नो धर्म, संस्कृति मूल्यमान्यता प्रति विश्वास रहेको पाइएता पनि पछिल्लो पुस्ताले मासिक श्रावलाई केही हदसम्म लचकता देखाइएको पाइयो । महिलाहरु मासिक स्राव हुँदा मठमन्दिर नजाने र विशेष पुजापाठमा सरिक नहुने भान्साका भित्रका काम बाहेक अरु कार्यमा त्यति बाधा नपुऱ्याउने बताए । खान, लगाउन र हिड्नका लागि रजस्वला हुँदाको बखत नबार्ने बताए । नमूना छनोटमा परेका २०० जना महिलाहरुलाई रजस्वला प्राकृतिक प्रक्रिया हो भन्ने थाहा हुँदाहुँदै पनि सामाजिक संस्कार पूर्ण रुपमा नसकेको कुरा सतप्रतिशत महिलाहरुले बताएका छन् ।

### ४.४.११ बिरामी हुँदा जाने ठाउँ (Destination of Sickness)

अध्ययन क्षेत्रका नमूना छनोट महिलाहरुलाई बिरामी हुँदा कहाँ जानुहुन्छ भनी प्रश्न सोधिएको थियो जसबाट प्राप्त परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२**

**उत्तरदाता महिलाहरु बिरामी हुँदा जाने ठाउँको वितरण-२०७१**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | डाक्टर | १३२ | ६६ |
| २ | धामी झाक्री | ६८ | ३४ |
| जम्मा | | २०० | १०० |

माथिको तालिका अनुसार नमूना छनोट महिलाहरु बिरामी हुँदा कहाँ जानुहुन्छ भन्ने प्रश्नको उत्तरमा ६६ प्रतिशत महिलाहरु डाक्टरकोमा जाने र ३४ प्रतिशत महिलाहरु धामी झाक्रीकोमा जाने गरेको पाइएको छ ।

## ४.५ नमूना छनोट महिलाको आर्थिक अवस्था (Economic Condition of Sampling Women)

महिलाहरूलाई सशक्त पार्नका लागि विभिन्न पक्षहरूको आवश्यकता पर्दछ तिनीहरू मध्ये महिलाहरूको् आम्दानी खर्च बचत हुन जस निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.५.१ महिलाहरूको व्यक्तिगत आर्थिक अवस्था (Personal Economic Condition of Women)

नमूना छनोट महिलाहरूले आफ्नो व्यक्तिगत आर्थिक अवस्था सञ्चालन गर्नका कस्ता पेशा अपनाएका छन् कति आय प्राप्त गर्दछन् कस्ता क्षेत्रमा के कति के खर्च गर्दछन् कति बचत गर्दछन् भन्ने कुरा महिलाहरूको व्यक्तिगत आर्थिक अवस्थामा अध्ययन गरिएको छ ।

### १. महिलाहरुको पेशागत अवस्था (Professional Condition of Sample Women)

जीवनयापनका लागि कुनै न कुनै पेशा अवलम्बन गर्नु पर्दछ । कृषि व्यापार नोकरी उद्योग वा अन्य रोजगारीका स्रोतहरु हुन । नमूना छनोट महिलाले अपनाउने गरेका पेशागत विवरणलाई निमन तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**नमूना छनोटमा परेका महिलाहरुको पेशागत विवरण-२०७१**

| क्र.सं. | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ९१ | ४५.५ |
| २ | व्यापार | २९ | १४.५ |
| ३ | नोकरी | १९ | ९.५ |
| ४ | ज्यालामजदुरी | ५१ | २५.५ |
| ५ | वैदेशिक रोजगार | १० | ५ |
| जम्मा | | २०० | १०० |

माथिको तालिका अनुसार नमूना छनोटमा परेका महिलाहरुले अपनाएका पेशामा कृषिमा ४५.५ प्रतिशत महिलाहरुको जनसङ्ख्या संलग्न रहेको पाइयो । त्यसैगरी व्यापारमा

१४.५ प्रतिशत महिलाहरुको जनसङ्ख्या संलग्न रहेको छन् । नोकरीमा ९.५ प्रतिशत, ज्याला मजदुरीमा २५.५ प्रतिशत र वैदेशिक रोजगारमा ५ प्रतिशत महिलाहरु संलग्न रहेको पाइएको छ ।

## २. महिलाहरूको व्यक्तिगत स्रोतगत आम्दानी (Sectoral Income of Sampled Women)

नमूना छनोट महिलाहरूको आर्थिक अवस्थाको अध्ययन गर्दा महिलाहरूले के कस्ता पेशा वा स्रोतबाट आम्दानी प्राप्त गर्दछन् त्यसको अध्ययन गरिएको थियो नमूना छनोटमा परेका महिलाहरूको स्रोतगत आम्दानी विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका ४.१४**

**नमूना छनोट महिलाहरूको व्यक्तिगत स्रोतगत आम्दानी विवरण-२०७१**

| क्र.सं. | स्रोत | आम्दानी लाख | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ८५,००० | १३.६ |
| २ | नोकरी | १,११,००० | १७.७६ |
| ३ | व्यापार | ६०,००० | ९.६ |
| ४ | ज्यालामजदुरी | ४५,००० | ७.२ |
| ५ | वैदेशिक रोजगारी | ३,२४,००० | ५१.८४ |
|  | जम्मा | ६,२५,००० | १०० |
|  | वार्षिक औषत रु ३१२५ | | |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

नमुना छनोट महिलाहरूको व्यक्तिगत स्रोतगत आम्दानी हेर्दा कृषिबाट ८५,००० नोकरीबाट १,११,००० व्यापारबाट ६०,००० त्यस्तै मजदुरीबाट ४५,००० र वैदेशिक रोजगारीबाट ३,२४,००० गरी कुल स्रोतबाट आम्दानी ६,२५,००० महिलाहरूको व्यक्तिगत स्रोतगत आम्दानी रहेको पाइएको छ ।

## ३. महिलाहरूको व्यक्तिगत तहगत आम्दानी (Levelwise Income of Sampled Women)

नमूना छनोट महिलाहरूको आर्थिक अवस्थाको अध्ययन गर्दा उनीहरूको तहगत आम्दानीलाई पनि अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त तहगत आम्दानीको नतिजालाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**नमूना छनोट महिलाको व्यक्तिगत तहगत आम्दानी-२०७१**


| क्र.सं. | तहगत आम्दानी (हजार) | महिला सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५० | २२ | ११ |
| २ | ५०-१०० | ६३ | ३१.५ |
| ३ | १००-१५० | ६६ | ३३ |
| ४ | १५०-२०० | ३० | १५ |
| ५ | २०० भन्दा माथि | १९ | ९.५ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

यस तालिका नमूना छनोटमा परेका २०० महिलाहरूको तहगत आम्दानीलाई देखाइएको छ । जसमा ५० हजार सम्म आम्दानी गर्ने महिलाहरू २२ जना रहेका छन् । जुन ११ प्रतिशत रहेको छ त्यस्तै ५० हजार देखि १ लाख सम्म ६६ जना जुन ३१.५ प्रतिशत रहेका छ । त्यस्तै १ लाख देखि १ लाख ५० हजार सम्म ६६ जना अर्थात् ३३ प्रतिशत र १ लाख ५० हजार देखि २ लाख सम्म ३० जना अर्थात् १५ प्रतिशत र २ लाख भन्दा माथि १९ जना अर्थात् ९.५ प्रतिशत आम्दानी गर्ने गरेको पाइन्छ ।

**चित्र ४.१**

**महिलाहरूको वार्षिक आम्दानी विवरण-२०७१**




स्रोत : तालिका ४.१५ ।

## ४. महिलाहरूको व्यक्तिगत क्षेत्रगत खर्च (Sectoral Expenditure of Sampled Women)

नमूना छनोट महिलाहरूले आफ्नो व्यक्तिगत आम्दानी के कस्ता क्षेत्रमा के कति खर्च गर्दछन् भनी अध्ययन गरिएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१६**

**महिलाहरूको व्यक्तिगत क्षेत्रगत खर्च-२०७१**

| विवरण | खर्च | प्रतिशत |
|---|---|---|
| उपभोग (सामान्य) | १,२०,००० | ३० |
| लत्ता कपडा | ९२,८०० | २३.२ |
| चाडपर्व | ८७,२०० | २१.८ |
| मनोरञ्जन | ६३,००० | १५.७५ |
| अन्य | ३७,००० | ९.२५ |
| जम्मा | ४,००,००० | १०० |
| औषत खर्च | २,००० | |

स्रोत : स्थलगत सर्वेक्षण, (२०७२) ।

नमूना छनोट क्षेत्रका महिलाहरूले क्षेत्रगत खर्चको रूपमा सबै भन्दा बढी उपभोग (खाद्यान्न) मा रु १,२०,००० त्यस्तै लत्ताकपडामा रु ९२,८०० चाडपर्वमा ८७,२००, मनोरञ्जनमा रु ६३,००० र त्यस्तै अन्य ३७,००० गरी महिलाहरूको कुल क्षेत्रगत खर्च ४,००,००० रहेको पाइयो ।

## ५. महिलाहरूको व्यक्तिगत तहगत खर्चको अवस्था (Condition of Expenditure)

नमूना छनोट महिलाहरूको आर्थिक अवस्थाको अध्ययन गर्दा उनीहरूको खर्चको विवरणलाई पनि अध्ययन गरिएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१७**

**नमूना छनोटमा परेका महिलाहरूको तहगत खर्च विवरण-२०७१**


| क्र.सं. | वार्षिक खर्च (हजारमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५० | ४८ | २४ |
| २ | ५०-१०० | ७७ | ३८.५ |
| ३ | १००-१५० | ६३ | ३१.५ |
| ४ | १५० देखि माथि | १२ | ७ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

नमूना छनोट महिलाहरूले गर्ने खर्चलाई तहगत रूपमा हेर्दा माथिको तालिकाबाट के प्रष्ट हुन आउँछ भने २-४ लाख सम्म खर्च गर्ने महिला ४८ जना रहेका त्यस्तै ४ देखि ६ लाखसम्म ७५ महिलाहरूले तहगत खर्च गर्ने गरेको पाइयो । ६ देखि ८ लाखसम्म खर्च गर्ने ५८ जना महिलाहरू पाइयो भने ८ लाख भन्दा माथि खर्च गर्ने १९ जना महिलाहरू पाइयो ।

**चित्र ४.२**

**महिलाहरूको तहगत खर्च विवरण-२०७१**




स्रोत : तालिका ४.१७ ।

### ६. महिलाहरूको व्यक्तिगत बचत (Personal Save of Women)

यस अध्ययन क्षेत्रका महिलाहरूको बचतको स्थिति बारे अध्ययन गर्दा थोरैले मात्र बचत गरेको पाइयो । जसलाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८**

**महिलाहरूको व्यक्तिगत बचत-२०७१**

| वार्षिक आम्दानी | वार्षिक खर्च | वार्षिक बचत |
|---|---|---|
| ६,२५,००० | ४,००,००० | २,२५,००० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

यस अध्ययन क्षेत्रमा नमुना छनोट महिलाहरूको वचतको स्थितिबाट अध्ययन गर्दा महिलाहरूको व्यक्तिगत आम्दानी ६,२५,००० रहेको पाइयो भने महिलाहरूको व्यक्तिगत खर्च ४,००,००० रहेको पाइयो । त्यस्तै बचत २,२५,००० गरेको पाइयो ।

## ४.५.२ नमूना छनोट महिलाहरूको घरायसी आर्थिक अवस्था (Economic Conditions of Sampled Family)

नमूना छनोटमा परेका महिलाहरूको घरपरिवारको पेशा मुख्यतया कृषिमा निभर रहेको पाइएको छ त्यसपछि मात्र अन्य व्यापार व्यवसाय, नोकरी, वैदेशिक रोजगारी जस्ता स्रोतबाट आय आर्जन गरेको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १. पारिवारिक स्रोतगत आम्दानी (Sectral Family Income)

महिलाहरूको आर्थिक अवस्था विकास गराउन उनीहरूको परिवारको आम्दानीको पनि प्रत्यक्ष प्रभाव पार्दछ । यस अध्ययनमा नमूना छनोट १५० घरपरिवार भित्र रहेका महिलाहरूको पारिवारिक स्रोतगत आम्दानीको अध्ययन गरिएको थियो उक्त अध्ययनबाट प्राप्त नतिजा यस प्रकार छ ।

**तालिका ४.१९**

**पारिवारिक स्रोतगत आम्दानी-२०७१**

| **क्र.सं.** | **स्रोत** | **आम्दानी** | **प्रतिशत** |
|---|---|---|---|
| १ | कृषि | ८७,००,००० | १०.१४ |
| २ | व्यापार | २,००,००,००० | २३.३२ |
| ३ | नोकरी | ४,४१,००,००० | ५१.३९ |
| ४ | वैदेशिक रोजगार | ९०,००,००० | १०.४८ |
| ५ | ज्यालामजदुरी | ४०,००,००० | ४.६७ |
| | जम्मा | ८,५८,००,००० | १०० |
| औषत पारिवारिक आम्दानी | | ५,७२,००० | |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

यस तालिका अनुसार नमूना छनोटमा परेका घरपरिवारको आम्दानीको स्रोतहरू अन्तर्गत कृषिबाट ८७ लाख अर्थात् १०.१४ प्रतिशत, व्यापारबाट २ करोड अर्थात् २३.३२ प्रतिशत, वैदेशिक रोजगारीबाट ४ करोड १ लाख अर्थात् ५१.३९ प्रतिशत नोकरीबाट ९० लाख अर्थात् १०.४८ र दैनिक ज्याला मजदुरीबाट ४० लाख अर्थात् ४.६७ प्रतिशत घरपरिवारले आम्दानी प्राप्त गरेको पाइन्छ ।

## २. तहगत पारिवारिक आम्दानी (Levelwise Family Income)

नमूना छनोटमा परका महिलाहरूको आर्थिक अवस्थाको अध्ययन गर्दा उनीहरूको तहगत आम्दानीलाई पनि अध्ययन गरिएको थियो उक्त अध्ययनबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**नमूना छनोट महिलाहरूमा पारिवारिक आम्दानी विवरण-२०७१**

| क्र.सं. | तहगत आम्दानी | पारिवारिक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ लाख - ४ लाख | २९ | १९.३ |
| २ | ४ लाख - ६ लाख | ४८ | ३२ |
| ३ | ६ लाख - ८ लाख | ६३ | ४२ |
| ४ | ८ लाख देखि माथि | १०० | ६.७ |
| | जम्मा | १५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

तालिका अनुसार नमूना छनोट घरपरिवार १५० घरपरिवारले के कति तहगत रूपमा आम्दानी प्राप्त गर्दछन् भन्ने देखाइएको छ जस अन्तर्गत २ देखि ४ लाख प्राप्त गर्ने २९ परिवार अर्थात् १९.३ प्रतिशत, ४ देखि ६ लाख प्राप्त गर्ने ४८ अर्थात् ३२ प्रतिशत, ६ देखि ८ लाख प्राप्त गर्ने ६३ प्रतिशतबाट अर्थात् ४२ प्रतिशत र ८ लाख माथि १० घरपरिवार अर्थात् ६.७ प्रतिशत घरपरिवारले आम्दानी गर्ने गरेको पाइन्छ ।

### ३. क्षेत्रगत पारिवारिक खर्च (Sector Family wise Expenditure)

नमूना छनोट महिलाहरूको क्षेत्रगत पारिवारिक खर्च कति हुन्छ भनी प्रश्न सोधिएको थियो उक्त र दाता महिलाहरूले दिएका उत्तरका आधारमा उनीहरूको वार्षिक पारिवारिक खर्चलाई देखाइएको छ ।

**तालिका ४.२१**

**नमूना छनोटमा महिलाहरूको क्षेत्रगत पारिवारिक खर्च-२०७१**

| क.सं. | खर्चको क्षेत्र | वार्षिक खर्च रु लाख | प्रतिशत |
|---|---|---|---|
| १ | खाद्यान्न | ४,५५,००,००० | ५४.५५ |
| २ | लुगापाटा | १,२६,६६,६६६ | १५.१९ |
| ३ | शिक्षा | १,१७,००,००० | १४.०३ |
| ४ | स्वास्थ्य | ७२,००,००० | ८.६४ |
| ५ | अन्य | ६३,३३,३३४ | ७.५९ |
| जम्मा | | ८,३४,००,००० | १०० |
| औषत महिलाहरूको क्षेत्रगत पारिवारिक खर्च | | ५,५६,००० | |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

### ४. तहगत पारिवारिक खर्च विवरण (Levelwise Family Expenditure)

नमूना छनोट महिलाहरूको आर्थिक अवस्थाको अध्ययन गर्ने उनीहरूको पारिवारिक तहगत खर्चको पनि अध्ययन गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२२**

**नमूना छनोट महिलाहरूको पारिवारिक तहगत खर्च विवरण-२०७१**

| क्र.सं. | तहगत खर्च लागत | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २-४ लाख | ३९ | २६ |
| २ | ४-६ लाख | ३८ | २५.३४ |
| ३ | ६-८ लाख | ६५ | ४३.३३ |
| ४ | ८ लाख माथि | ८ | ५.३३ |
| | जम्मा | १५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिका अनुसार नमूना छनोट महिलाहरूको पारिवारिक खर्च २ देखि ४ लाख सम्म गर्ने पारिवारले सङ्ख्या ३९ रहेको छ जुन २६ प्रतिशत हुन आएको छ । त्यस्तै ४ देखि ६ लाख सम्म खर्च गर्ने परिवार सङ्ख्या ३८ रहेको छ । जुन २५.३४ प्रतिशत रहेको छ । यसैगरी ६ देखि ८ लाख सम्म खर्च गर्ने परिवार सङ्ख्या ६५ रहेका छन् भने ८ लाख वा सोभन्दा माथि खर्च गर्ने परिवार ८ रहेका छन् जसको क्रमशः ४३.३३ र ५.३३ प्रतिशत हुन आएको देखिन्छ ।

### ५. घरपरिवारको बचत (Family Size)

नमूना छनोटमा परेका घरपरिवारको आर्थिक अवस्था हेर्दा वार्षिक आम्दानी रु ८,५८,००,००० रहेको छ भने वार्षिक खर्च ८,३४,००,००० रहेको छ । त्यसैगरी वार्षिक बचत र २४,००,००० रहेको छ । यस बचतद्वारा जीवनलाई गुणस्तरीय बनाउनका लागि बैंकमा राखेको देखिन्छ । यसरी वार्षिक आम्दानी खर्च र बचतलाई अझ स्पष्ट पार्न तलको तालिकामा देखाइएको छ ।

**तालका ४.२३**

**घपरिवारको बचतको विवरण-२०७१**

| वार्षिक आम्दानी | वार्षिक खर्च | वार्षिक बचत |
|---|---|---|
| ८,५८,००,००० | ८,३४,००,००० | २४,००,००० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

## ४.६ शैक्षिक अवस्था (Educational Condition)

### ४.६.१ पारिवारिक शैक्षिक अवस्था (Educational Condition of Family)

यस अध्ययन सर्वेक्षण गर्दा नमूना छनोटमा परेका १५० घरपरिवारका जम्मा जनसङ्ख्या ६७७ मध्ये २१ जना ५ वर्ष मुनिका बालबालिकाहरू रहेका छन् । तिनीहरूको बारेमा यस अध्ययनमा विश्लेषण गरिएको छैन किनभने हाम्रो देशको औपचारिक शिक्षा ५ वर्ष पूरा भएपछि मात्र सुरु हुने भएकाले उनीहरूलाई समावेश गरिएको छैन । यस अध्ययनमा ५ वर्ष माथिको ६५६ जनाको शैक्षिक अवस्थालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२४**

**पारिवारिक शैक्षिक अवस्थाको विवरण-२०७१**

| तहगत शिक्षा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| प्रा.वि. | ४९ | ४४ | ९३ | १४.१७ |
| नि.मा.वि. | ७८ | ८६ | १६४ | २५ |
| एस.एल.सीं | १०८ | ११२ | २२० | ३३.५३ |
| उच्च मा.वि. | ६३ | ५६ | ११९ | १८.१५ |
| उच्च शिक्षा | २८ | ३२ | ६० | ९.१५ |
| | ३२६ | ३३० | ६५६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिका अनुसार नमूना छनोटमा बसोबास गर्ने १५० घरपरिवारमा महिला र पुरुषहरू मध्ये प्रा.वि. सम्म अध्ययन गर्ने ४९ महिला ४४ पुरुष गरी ९३ जना रहेका छन् । त्यस्तै नि.मा.वि. सम्म अध्ययन गर्ने महिलाहरूमा ७८ र पुरुषहरूमा ८७ रहेका छन् । त्यसैगरी एस.एल.सी. सम्म अध्ययन गर्ने २२० जना मध्ये महिला १०८ जना र पुरुष ११२ जना रहेको पाइयो भने उच्च मा.वि. मा ६३ महिला, ५६ पुरुष र उच्च शिक्षा अध्ययन गर्ने २८ महिला र ३२ पुरुष गरी ६० जना रहेको पाइयो । तालिका हेर्दा सामान्यतया सबैजना साक्षर रहेको पाइयो ।

### ४.६.२ नमूना छनोट महिलाको शैक्षिक अवस्था (Educational Condition of Sampled Women)

तालिका ४.२५

नमूना छनोट महिलाको-२०७१

| क.सं | उमेर समूह | साक्षर | एस.एल.सी | प्रमाण पत्र | स्नातकतह सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १८–३० | | ६२ | ३२ | १८ | ११२ |
| २ | ३०–४५ | | ३३ | २० | ५ | ५८ |
| ३ | ४५–६० | २ | १७ | ८ | ३ | ३० |
| | जम्मा | | ११२ | ६० | २६ | २०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिका अनुसार नमुना छनोट क्षेत्रमा रहेका महिलाहरूको शैक्षिक अवस्था हेर्दा ६२ ले एस.एल.सी. सम्म अध्ययन गरेको ३२ ले प्रमाण पत्र १८ ले स्नातक तह वा सो भन्दा मोिथ अध्ययन गरेको पाइयो । त्यस्तै ३०-४५ उमेरसमूहका महिलाहरू मध्ये ३३ ले एस.एल.सीं २० ले प्रमाण पत्र ५ ले स्नातक तह वा सो भन्दा माथि सम्म अध्ययन गरेको पाइयो । यस्तै ४५-७० उमेर समूहका महिलाहरू मध्ये २ जना साक्षर १७ ले एस.एल.सी. ८ ले प्रमाणपत्र र ३ ले स्नातक तहसम्म वा सो भन्दा माथि अध्ययन गरेको पाइयो ।

### ४.६.३ बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Child)

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने नमूना छनोटमा परेका १५० घर परिवारका बालबालिकाहरूको शैक्षिक अवस्था निम्न लिखित रहेको छ । वर्तमान समयमा आफ्ना छोराछोरी दुवैलाई विदालय पठाएको पाइन्छ । पहिले पहलि छोरालाई मात्र विदालय पठाउने र छोरीलाई घरधन्दामा लगाउथे । आजभोलि अभिभावकहरू समान व्यवहार गरी विद्यालय पठाएको पाइन्छ । यस अध्ययनमा ५ देखि १५ वर्ष उमेर समूहका रहेका बालबालिकाहरूलाई समावेश गरिएको छ । जसको जनसङ्ख्या १३७ रहेको छ । जसलाई विद्यालय जाने छोरा र विद्यालय जाने छोरीको सङ्ख्या तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२६**

**बालबालिकाको शैक्षिक अवस्था-२०७१**

| क्र.सं. | उमेर समूह | विद्यालय जाने छोरा | विद्यालय जाने छोरी | जम्मा |
|---|---|---|---|---|
| १ | ५-१० वर्ष | ३६ | ३० | ६६ |
| २ | १०-१५ वर्ष | ३५ | ३६ | ७१ |
| जम्मा | | ७१ | ६६ | |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

माथिको तालिका अनुसार नमूना छनोटमा परेका १५० घरपरिवारमा ५ देखि १५ वर्षका बालबालिकाहरू १३७ रहेको पाइयो । ती मध्ये विद्यालय जाने छोरा ७१ र विद्यालय जाने छोरी ६६ जना रहेको पाइयो ।

## ४.७ शैक्षिक प्रभाव (Educational Affect)

शिक्षा विकासको आधारस्तम्भ हो भन्ने कुरालाई नकार्न सकिदैन । शिक्षाले मानिसको सवाङ्गीर्ण क्षेत्रको विकास गर्दछ । शिक्षाले महिलाहरूको चेतनामा विकास गरी महिलाहरूलाई सक्षमता तर्फ उन्मुख गराउँदछन् । शिक्षाले मानिसका चौतर्फी ढोकाहरू खोल्दछन् र जीवन सु-संस्कृत र उन्नत बन्छ । शिक्षा ज्ञानको मुख्य स्रोत हो । जसले आफूलाई मात्र होइन, अरुलाई पनि यस्तो कला सिकाएको हुन्छ । त्यसैले शिक्षा जीवनको अपरिहार्य वस्तु हो । जसले देश तथा अन्तर्राष्ट्रिय जगतमा मानिसलाई आत्मनिर्भर बनाउन सहयोग गरिरहेको हुन्छ । जीवनमा शिक्षाको विशिष्ट र गरिमामय भूमिका हुँदा यसलाई ग्रहण गर्न बुद्धिमानी मानिन्छ ।

शिक्षा समाज राष्ट्र विकासको मेरुदण्ड हो जसले महिलाहरूको सामाजिक, आर्थिक, बौद्धिक क्षेत्रमा विकास गरी शिक्षित सक्षम दक्ष जनशक्तिको उत्पादन गर्न सकिन्छ । शिक्षाले महिलाहरूको चेतनामा वृद्धि गरी समाजका हरेक क्षेत्रमा अगाडि बढ्न सहयोगी भूमिका खेल्दछ ।

अध्ययन क्षेत्रमा शैक्षिक प्रभाव हेर्दा उक्त घरपरिवारको तहगत आम्दानीको आधारमा कति बालबालिकालाई सरकारी अथवा निजी कुन विद्यालयमा पढाएको पाइन्छ ? त्यसैले शैक्षिक प्रभावलाई निम्नलिखित तालिकामा देखाइएको छ ।

तालिका ४.२७

बालबालिकाको शैक्षिक अवस्था-२०७१

| क्र.सं. | तहगत आय | घरपरिवार सङ्ख्या | विद्यालयगत विद्यार्थी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सरकारी | | निजी | | | |
| | | | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | प्रतिशत |
| १ | २ लाख-४लाख | २९ | ७ | ८ | ४ | १ | २० | १४.५९ |
| २ | ४ लाख - ६ लाख | ४८ | ८ | १३ | ११ | ७ | ३९ | २८.४७ |
| ३ | ६ लाख-८लाख | ६३ | ४ | ८ | ३२ | २२ | ६६ | ४८.१८ |
| ४ | ८ लाख माथि | १० | – | १ | ५ | ६ | १२ | ८.७६ |
| जम्मा | | १५० | १९ | ३० | ५२ | ३६ | १३७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण (२०७२) ।

## ४.८ महिला सशक्तिकरणको प्रभाव **(Affect of Women Empowerment)**

उपरोक्त विभिन्न शीर्षकमा गरिएको अधययनको आधारमा अध्ययन क्षेत्रमा छनोट भएका महिला सशक्तिरणको प्रभाव विश्लेषण गर्नका लागि ७ वटा विषयहरु छनोट गरिएको सन्तानप्रति धारणा, दाइजो, शिक्षाको अवस्था, विवाहको उमेर, बिरामी हुँदा जाने ठाउँ, पेशा, अस्थायी साधनको प्रयोग, गर्भपतन सम्बन्धी निर्णय गरी ७ वटा विषयहरुमा महिलाहरुको धारणा अध्ययन गरिएको छ । उक्त अध्ययनबाट प्राप्त नतिजालाई तल तालिकामा देखाइएको छ ।

तालिका ४.२८

छनोटमा परेका महिलाहरु सशक्तिकरणको प्रभाव-२०७१

| विवरण | | | विवरण | |
|---|---|---|---|---|
| क्र.सं. | सशक्तिकरण भएको पाइएकोमा | महिला सङ्ख्या | सशक्तिकरण नभएको पाइयो | महिला सङ्ख्या |
| १ | सन्तानको रुपमा छोरा छोरी जे भएपनि हुन्छ | ११५ | सन्तानको रुपमा छोरा हुनै पर्दछ | ८५ |
| २ | दाइजो प्रथा बेठिक हो | १३६ | दाइजो प्रथा ठिक हो | ६४ |
| ३ | २३ वर्षभन्दा बढी उमेरमा विवाह गर्ने | ५६ | २४वर्ष भन्दा कम उमेरमा विवाह गर्ने | १४४ |
| ४ | बिरामी हुँदा डाक्टरकोमा जाने | १३२ | बिरामी हुँदा धामी झाक्रीकोमा जाने | ६८ |
| ५ | अस्थायी साधनको प्रयोग सम्बन्धी आफै निर्णय गर्ने | ८२ | अस्थायी साधन प्रयोग सम्बन्धी निर्णय नगर्ने | ३२ |
| ६ | गर्भपर्तन सम्बन्धी निर्णय गर्ने | ५६ | गर्भपतन सम्बन्धी निर्णय नगर्ने | २६ |

## ४.९ महिला सशक्तिकरण सम्बन्धी धारणा (Concept about Women Empowerment)

उपरोक्त विभिन्न शीर्षक गरिएको अध्ययनको आधारमा अध्ययन क्षेत्रमा छनोट भएका महिला सशक्तिकरणका सम्बन्धमा विश्लेषण गर्ननका लागि सन्तातप्रति धारणा, दाइजो शिक्षाको अवस्था विवाहको उमेर, पेशा व्यवसाय, अस्थायी साधनको प्रयोग गर्भपतन सम्बन्धी निर्णय गरी विभिन्न विषयमा महिलहरूको धारणा अध्ययन गरिएको थियो । अध्ययनमा छनोटमा भएका महिलाहरूसँग प्रश्नवली अन्तर्वार्ताको माध्यमबाट महिला सशक्तिकरणका सम्बन्धमा लिएको विचारलाई निम्नानुसार व्याख्या गरिएको छ ।

### ४.९.१ आर्थिक पक्षको ज्ञान (Knowledge about Economic Status)

उत्तरदाता महिलाहरूले आर्थिक रूपमा महिलाहरू सक्षम र सबल बननका लागि उत्पादनशील स्रोतमा महिला वर्गको पहुँच हुन जरुर्र छ तर नेपालमा यस्ता विषयहरू नीतिगत रूपमा प्राथमिकताका रूपमा राखिएतापनि यस्ता विकास कार्यक्रम तथा बजेटले लक्षित वर्गसम्म पुग्न नसकेको कुरा अध्ययन क्षेत्रमा महिलहरूले बताएका थिए । समान काममा महिलाका लागि असमान ज्याला दिनु । महिलाहरूको घरायसी तथा सामुदायिक

उत्पादनशील कार्यको मूल्याङ्कन हुन नसक्नु नै महिलाको आर्थिक रूपमा विकास नसक्नु हो भन्ने भनाई उक्त सशक्त महिलाहरूको पाइयो ।

### ४.९.२ शैक्षिक पक्षको ज्ञान (Knowledge about Educaton)

उत्तरदाताको शिक्षा पद्धति स्वयम पनि महिला विकासमा विकासमा सफल नभएको बताए । लक्षित कार्यक्रमको सीमिता हुनु सबै छात्रासम्म नपुग्नु, लैङ्गिक मैत्री शैक्षिक सामग्री र पूर्वाधारको अभाव आदि समस्याले गर्दा महिलाहरू शिक्षाको क्षेत्रमा पछाडी परेको भन्ने अभिव्यक्ति उनीहरूको रहेको पाइएको थियो ।

### ४.९.३ लैङ्गिक समानताको ज्ञान (Knowledge about Sexualizaton)

उत्तरदाता महिलाहरूले विभिन्न, सामाजिक मूल्य मान्यता, पुरना सोच सामाजिक कुसंस्कार कारण अभिभावकहरूले छोरीलाई भन्दा छोरालाई नै बढी महत्व दिने कुरा बताएका छन् । पृत्तिसत्तात्मक समुदायमा नारीको मूल्याङ्कन बढी सहभागिता र निर्णयमा पनि पुरुषहरूकै बोलबाला बढी रहेको उनीहरूले बताए ।

### ४.९.४ सामाजिकीकरणको ज्ञान (Knowledge about Socialization)

नेपाल बहुभाषिक, बहुसांस्कृतिक बहुजातिय मुलुक हो । नेपालका विभिन्न सामाजिक कार्यहरूमा महिला सहभागिता हुन विभिन्न कारण देखाएर रोकावट गरेको छ । जस्तो की दाइजो प्रथा तथा परम्परालाई समाजमा तोड्ने बढी बढवा दिएको पाइन्छ भन्ने उत्तरदाता महिलाहरूको धारणा रहेको पाइयो ।

### ४.९.५ सामाजिक समानताको ज्ञान (Knowledge about Social Equality)

महिलाहरूको भनाइमा समाजको एउटा समस्या महिलाहरूलाई हेर्ने सामाजिक दृष्टिकोण रहेको पाइयो । उनीहरूको भनाइमा त्यही दृष्टिकोणले कारण समाजमा अन्धविश्वास विभेद र शोषण कायम रहेको पाइन्छ । जबसम्म यस्ता अवरोधलाई पन्छाएर समान धारणामा आधारित वैज्ञानिक र वस्तुनिष्ठ समाजको अवधारणा आउन सक्देन । त्यसले समाजको विकासको प्रक्रियालाई सकारात्मक ढङ्गले अगाडि बढाउन सक्दैन । यस्तो अवस्थामा त्यस्ता समस्या विभेद र अन्धविश्वास अन्त्य गर्ने एउटा वर्ग हामी महिला हुन

सक्छौ भन्ने उनीहरूको भनाई थियो । महिलाहरू चेतनशील र योग्य बनाउन सकिएला तिनले त्यस्ता विभेद शोषण अन्धविश्वास विरुद्ध सक्रिय रूपमा आफू लाग्न सक्छन् परिणामस्वरूप समानता आधारित न्यायमूलक समाजमा सृजना हुन सक्छ भन्ने भनाई उनीहरूको थियो ।

## ४.१० सारांश (Summary)

यस अध्ययनको सारांशलाई यस प्रकार उल्लेख गरिएको छ ।

- यो अध्ययनमा झापा जिल्ला चकचकी गा.वि.स. मा महिला सशक्तिकरणले उनीहरूको सामाजिक आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययन गरिएको छ ।
- यो अध्ययन झापा जिल्ला चकचकी गा.वि.स. वडा नं. ७ मा बसोबास गर्ने विवाहित महिलाहरूको मात्र अध्ययन गरिएको छ ।
- यो अध्ययनको उद्देश्य महिलाहरूको सामाजिक आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गर्नु, महिला सशक्तिकरणले उनीहरूको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभाव विश्लेषण गर्नु र महिला सशक्तिकरणका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ ।
- यस अध्ययनको अनुसन्धान प्रश्नहरू महिलाहरूको सामाजिक, आर्थिक अवस्था कस्तो रहेको छ, महिला सशक्तिकरणले आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ, महिलाहरूको घरायसी पारिवारिक निर्णयमा कस्तो भूमिका छ, व्यक्ति र पारिवारिक निर्णयमा महिलाहरूको सहभागिता कस्तो रहेको छ सँगै सम्बन्धित रहेको छ ।
- महिलहरूको सामाजिक, आर्थिक अवस्थाको वास्तविकता नजिकबाट थाहा पाउने महिला सशक्तिकरणले उनीहरूको आर्थिक विकासमा कस्तो प्रभाव, पारेको छ पत्ता लगाउनु यस अध्ययनको मह□व रहेको छ ।
- यस अध्ययनले लिएको उद्देश्य पुरा गर्नको लागि प्राथमिक तथा सहायक तथ्याङ्कको प्रयोग गरिएको थियो । प्राथमिक तथ्याङ्क अन्तर्गत प्रश्नावली, अन्तर्वार्ता र अवलोकनको प्रयोग गरिएको थियो भने, सहायक तथ्याङ्क

अन्तर्गत, गा.वि.स., जि.वि.स. जिल्ला प्रशासन कार्यालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, शोधपत्र आदिबाट तथ्याङ्क संकलन गरिएको थियो ।

- अध्ययन क्षेत्रमा जम्मा ५६१ विवाहित महिलाहरूमध्ये २०० जना विवाहित महिलाहरूलाई नमुना छनोट गरिएको थियो । प्राप्त तथ्याङ्कलाई तथ्याङ्कका सामान्य विधिहरू प्रयोग गरी प्रतिशत निकाल्ने, औषत निकाल्ने र तालिकीकरण गर्ने कार्य गरिएको थियो । यसरी प्राप्त भएका प्रतशित र औषत तथा स्तम्भ चित्र र वृत्तचित्रको सहायताले तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।
- यस अध्ययन क्षेत्रमा नमूना छनोट १५० घरपरिवारको उमेरगत जनसङ्ख्यालाई हेर्दा १८ देखि ६० वर्षभन्दा सम्मका महिलाहरू ३३८ र पुरुषहरू ३३९ रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रका सबैभन्दा बढी जनसङ्ख्या ४४.३२ प्रतिशतले कृषि पेशा अंगालेको पाइयो भने कृषिबाट आम्दानी रु ८७,००,००० प्राप्त रहेको पाइयो । त्यसैगरी नोकरीमा ७.१२ प्रतिशत जनसङ्ख्या संलग्न रहेको पाइयो । जसबाट रु ४,४१,००,००० आम्दानी प्रापत गरेको पाइयो त्यस्तै व्यापारमा संलग्न जनसङ्ख्या १६.९५ जसको आम्दानी २,००,००,००० रहेको त्यस्तै वैदेशिक रोजगारीमा संलग्न २०.४२ जसबाट प्राप्त आम्दानी ९०,००,००० रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्ने भएता पनि मुख्य तथा ब्राहम्मण, क्षेत्रीको सङ्ख्या नै बढी भएको पाइयो त्यस्तै नेवार, लिम्बु, राई, मगर, मेचे, सतार, दर्जी, विश्वकर्मा, राजवंशी आदि जातिका मानिसहरूको बसोबास रहेको पाइयो ।
- नमूना छनोट महिलाहरूको व्यक्तिगत औषत आम्दानी ३१२५ रहेको पाइयो ।
- नमूना छनोट महिलाहरूको व्यक्तिगत औषत खर्च रु २००० रहेको पाइयो ।
- नमूना छनोट महिलाहरूको पारिवारिक स्रोतगत औषत आम्दानी रु ५,७२,००० रहेको पाइयो ।

- नमूना छनोट महिलाहरूको क्षेत्रगत पारिवारिक खर्च औषत रु ५,५६,००० रहेको पाइयो ।
- यस अध्ययनको नमूना छनोटमा १५० घरपरिवारमा परेका जनसङ्ख्या मध्ये धेरै जसो एकल परिवारमा बस्ने र थोरै मात्र संयुक्त परिवारमा बस्ने गरेको पाइयो ।
- समयको परिवर्तन चेतनाको स्तरको वृद्धिका कारण छोरा र छोरीलाई हेर्ने दृष्ट्रिकोणमा पनि कमीक रूपमा परिवर्तन हुँदै आएको पाइयो । जसमा ४२.५ प्रतिशत महिलाहरूले समाज परिवार वंश सञ्चालनका लागि छोरा नभई नहुने धारणा राखेको पाइयो भने २२.५ प्रतिशतले छोरीमात्र हुँदा पनि हुन्छ भनेको पाइयो । त्यसैगरी ३५ प्रतिशत महिलाहरूले सृष्ट्रिको निरन्तरताको लागि छोरा छोरी दुवैको चाहानाको समान मह□व दिएको पाइयो ।
- यस अध्ययन क्षेत्रमा रहेका महिलाहरूमा जातिय विविधता सँगै धार्मिक विविधता पनि पाइयो । जसमध्ये हिन्दु धर्म मान्ने ८७ प्रतिशत महिलाहरू रहेको र बौद्ध धर्म माने ९ प्रतिशत र इसाई धर्म मान्ने ४ प्रतिशत महिलाहरूको बसोबास रहेको पाइयो ।
- विवाह गर्दाको उमेरले महिलाहरूको जीवनमा मह□वपूर्ण प्रभाव पारेको हुन्छ यस क्षेत्रको अध्ययन गर्दा १९ देखि २२ वर्ष उमेरमा सबैभन्दा बढी ५३ प्रतिशत महिलाहरूको विवाह भएको पाइयो भने २३ वर्ष नाघेपछि विवाह गर्नेहरूको सङ्ख्या २८ प्रतिशत र १५ देखि १८ वर्ष उमेरमा विवाह हुनेको सङ्ख्या १९ प्रतिशत रहेको पाइयो ।
- दाइजो प्रथा नेपाली समाजमा प्रचलित परम्पराको रूपमा रहदै आएको छ । दाइजो दिंदा छोरी सुखी हुन्छन् भन्ने मान्यताले गर्दा अझै पनि दाइजो लिने दिने परम्परा चल्दै आएको छ । दाइजो दिनु ठिक हो कि होइन भन्ने कुरामा दाइजो दिनु ठिक हो भन्ने ३२ प्रतिशत र वेठिक हो भन्ने ६८ प्रतिशत जनसङ्ख्या रहेको पाइयो ।

- यस अध्ययन क्षेत्रका महिलाहरूलाई घरायसी कामकाजमा पुरुषको सहयोग कतिको मिल्छ भनी अध्ययन गरिएको थियो जसमध्ये ३४ प्रतिशत महिलाहरूलाई घरायसी काम काजमा पुरुषको सहयोग प्राप्त भएको थियो । त्यस्तै सहयोग नपाउनेमा २२ प्रतिशत र अलिअलि सहयोग पाउनेमा ४४ प्रतिशत महिलाहरू रहेको पाइयो ।
- गर्भपतन गर्नुपर्ने अवस्थामा अध्ययन क्षेत्रमा २८ प्रतिशत महिलाहरू आफैले निर्णय गर्ने गरेको पाइयो भने, महिला तथा पुरुष दुवैको सल्लाहमा निर्णय गर्ने ५९ प्रतिशत रहेको पाइयो भने १३ प्रतिशत महिलाको गर्भपतनमा कुनै पनि भूमिका नरहेको पाइयो ।
- परिवार नियोजनको साधन प्रयोगको सम्बन्धमा महिला आफैले निर्णय गर्नेमा ४१ प्रतिशत दुवैको सल्लाहमा निर्णय गर्नेमा ४३ प्रतिशत र कुनै पनि निर्णय नगर्नेमा १६ प्रतिशत महिलाहरू रहेको पाइयो ।
- पारिवारिक समस्यामा लिइने निर्णयमा छोराछोरी कहाँ पढाउने, जग्गा किनबेच, ऋण लिनेदिने सम्बन्धी निर्णयमा महिलाहरूको भूमिका अध्ययन गरिएको थियो । जसमा छोराछोरी कहाँ पढाउनेमा निर्णय गर्ने ३९ प्रतिशत निर्णय नगर्ने २३ प्रतिशत सल्लाहबाट निर्णय गर्ने ३८ प्रतिशत रहेको पाइयो भने जग्गा किनबेचमा निर्णय गर्ने २१ प्रतिशत कुनै पनि निर्णय नगर्ने ३८ प्रतिशत र दुवैको सल्लाहबाट ४१ प्रतिशत रहेको पाइयो । त्यस्तै ऋण लिनेदिने सम्बन्धी निर्णय गर्नेमा १६ प्रतिशत निर्णय गर्ने ६४ प्रतिशत र दुवैको सल्लाहबाट निर्णय गर्ने ३० प्रतिशत रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रमा नमूना छनोटमा परेका महिलाहरूको व्यक्तिगत स्रोतगत आम्दानी कृषिबाट ८५,०००, नोकरीबाट १,११,०००, व्यापार ६०,०००, ज्यालामजदुरी ४५,००० र वैदेशिक रोजगारीबाट ३,२४,००० गरी कुल स्रोतगत आम्दानी ६,२५,००० रहेको पाइयो ।
- नमुना छनोटमा परेका महिलाहरूको क्षेत्रगत व्यक्तिगत खर्चमा उपभोगमा १,२०,००० लत्ताकपडामा ९२,८००, चाडपर्वमा ८७,२००, मनोरञ्जनमा ६३,००० र अन्य खर्च ३६,००० गरी जम्मा ४,००,००० कुल खर्च रहेको पाइयो ।

- महिलाहरूको व्यक्तिगत स्रोतगत आम्दानी ६,२५,००० बाट महिलाहरूको क्षेत्रगत खर्च ४,००,००० घटाई महिलाहरूको कुल बचत २,२५,००० गरेको पाइयो ।
- नमूना क्षेत्रमा महिलाहरूको घरपरिवारको क्षेत्रगत पारिवारिक खर्च खाद्यान्नमा ४,५५,००,०००, लुगाफाटा १,२६,६६,६६६, शिक्षामा १,१७,००,०००, स्वास्थ्य ७२,००,०००, अन्य ६३,३३,३३४ गरी कुल ८,३४,००,००० खर्च गर्ने गरेको पाइयो । कुल आम्दानी र कुल खर्च घटाई २४,००,००० बचत गरेको पाइयो ।
- अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण जनसङ्ख्याहरू मध्ये १४.१६ ले प्रा.वि. शिक्षा प्राप्त गरेको र २५ प्रतिशत नि.मा.वि. प्राप्त, ३३.५३ प्रतिशत जनसङ्ख्याले एस.एल.सी. शिक्षा प्राप्त गरेको १८.१५ प्रतिशतले उच्च मा.वि. शिक्षा प्राप्त गरेको र ९.१५ प्रतिशतले उच्च शिक्षा प्राप्त गरेको पाइयो ।
- नमूना छनोट १५० घरपरिवारका ५ देखि १५ वर्षसम्मका विद्यालय जाने छोरा ७१ र छोरी ६६ जना रहेका छन् ।
- यस अध्ययनमा महिला सशक्तिकरण सम्बन्धी विभिन्न पक्षहरूको अध्ययन गरिएको छ । जसमा आर्थिक पक्षको ज्ञान, शैक्षिक पक्षको ज्ञान, लैङ्गिक समानताको ज्ञान, सामाजिकीकरणको ज्ञान सामाजिक समानता सम्बन्धी ज्ञानको समावेश गरिएको छ ।
- यस अध्ययनमा महिलाहरू घरायसी कामकाजमा कारण घरबाहिर जाने तालिम सभा सम्मेलन आदिमा भाग लिने सहज वातावरण नरहेको पाइयो ।

# अध्याय : पाँच (CHAPTER–FIVE)

## ५. निष्कर्ष र सुझावहरू (Conclusion and Recommendation)

यस अध्यायमा तथ्याङ्कको विस्तृत व्याख्या विश्लेषण र विवेचना गरी प्राप्त निष्कर्ष र अध्ययन क्षेत्रमा देखिएका समस्या समाधानका लागि उचित सुझावहरू समावेश गरिएको छ । यस अध्ययनमा तथ्याङ्कहरूको विस्तृत रूपमा व्याख्य विश्लेषण विवेचना गरी प्राप्त निष्कर्षलाई सारांशमा प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष (Conclusion)

झापा जिल्ला चकचकी गा.वि.स. अन्तर्गत रहेका ९ वटा वडाहरू मध्ये वडा नं ७ मा रहेका सम्पूर्ण विवाहित महिलाहरूमा महिला सशक्तिकरणले उनीहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभावको अध्ययनबाट निम्न निष्कर्षहरु प्राप्त भएका छन् । यस अधययनमा चकचकी गा.वि.स. मा बसोबास गर्ने १८ देखि ६० वर्ष भित्रका ५६१ विवाहित महिलाहरुको जनसङ्ख्या मध्ये २०० जना महिलाहरुको जनसङ्ख्यालाई व्यवस्थित नमूना छनोट विधिको आधारमा नमूना छनोट गरिएको छ ।

- यस अध्ययनको उद्देश्य महिलाहरुको सामाजिक, आर्थिक तथा शैली अवस्था पत्ता लगाउनु, महिला सशक्तिकरणले उनीहरको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पारेको प्रभाव विश्लेषण गर्न, महिला सशक्तिकरणका लागि सुझावहरु प्रस्तुत गर्नु रहेको छ ।
- यस अध्ययन क्षेत्रमा सबै भन्दा बढी महिलाहरूको जनसङ्ख्या ४५.५ प्रतिशत कृषि पेशामा संलग्न रहेको बताएका छन् । त्यस्तै १४.५ व्यापार, ९.५ प्रतिशतले नोकरी, २५.५ प्रतिशतले ज्यालामजदुरी, ५ प्रतिशतले वैदेशिक रोजगारी पेशा अपनाएको बताएका छन् ।
- अध्ययन क्षेत्रमा महिलाहरूमा दाइजो प्रथालाई अझै पनि संस्कारको रूपमा लिएको पाइयो भने ३२ प्रतिशतले अझै पनि दाइजो दिनु ठिक हो भन्ने बताएका छन् भने ६८ प्रतिशतले दाइजो दिनु ठिक होइन भन्ने बताएका छन् ।

- चेतनाको वृद्धि सँगसँगै छोराछोरीलाई समान मह□व दिने धारणा राखे पनि ४२.५ प्रतिशत महिलाहरूले समाज परिवार वंश सञ्चालनका लागि छोरा नभई नहुने धारणा राखेको पाइयो भने २२.५ ले छोरी मात्र भएपनि पुग्ने धारणा राखेको बताए भने ३५ प्रतिशतले छोराछोरी दुवैको चाहाना राख्ने गरेको बताए ।
- परिवार नियोजनको अस्थायी साधनको प्रयोगमा ४१ प्रतिशत महिला आफैले निर्णय लिने गरेको पाइयो भने ४३ प्रतिशतले पुरुष र महिला दुवैको सल्लाहबाट निर्णय गरेको पाइयो । १६ प्रतिशत महिलाहरूको यसमा कुनै भूमिका नरहने गरेको पाइयो ।
- गर्भपतनको सम्बन्धमा २८ प्रतिशत महिलाहरूले आफैले निर्णय लिने गरेको बताएका छन् भने दुवैको सल्लाहमा ५९ ले निर्णय गर्ने गरेको बताए त्यस्तै १३ प्रतिशत महिलाहरूमा यसमा कुनै भूमिका नरहने बताएका छन् ।
- महिलाहरूको व्यक्तिगत स्रोतगत आम्दानी कृषि, नोकरी, व्यापार, ज्यालामजदुरी, वैदेशिक, रोजगारी गरी जम्मा ६,२५,००० रहेको पाइयो ।
- कृषिमा ४४.३२ प्रतिशत सम्पूर्ण जनसङ्ख्या संलग्न भएपनि कृषिबाट प्राप्त स्रोतगत आम्दानी रु ८७,००,००० प्राप्त भएको पाइयो भने वैदेशिक रोजगारीमा २०.४२ प्रतिशत जनसङ्ख्या संलग्न रहेको पाइयो जसको आम्दानी ९०,००,०० रहेको पाइयो ।
- नमूना छनोट महिलाहरूको व्यक्तिगत औषत आम्दानी ३१२५ रहेको पाइयो ।
- नमूना छनोट महिलाहरूको व्यक्तिगत औषत खर्च रु २००० रहेको पाइयो ।
- नमूना छनोट महिलाहरूको पारिवारिक स्रोतगत औषत आम्दानी रु ५,७२,००० रहेको पाइयो ।
- नमूना छनोट महिलाहरूको क्षेत्रगत पारिवारिक खर्च औषत रु ५,५६,००० रहेको पाइयो ।
- महिलाहरू सशक्तिकरण सम्बन्धी धारणाको विश्लेषण गर्दै जाँदा महिलाहरूको आर्थिक पक्षको ज्ञान शैक्षिक पक्षको ज्ञान लैङ्गिक समानताको

ज्ञान सामाजिकीकरणको ज्ञान सामाजिक समानताको ज्ञानको पनि अध्ययन गरिएको थियो ।

## ५.२ सुझावहरू (Recommendations)

यस अध्ययनको निष्कर्षको आधारमा अध्ययन क्षेत्र झापा जिल्ला चकचकी गा.वि.स. वडा नं. ७ मा बस्ने महिलामा महिला सशक्तिकरणले उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक विकासमा कस्तो सुझाव पारेको छ ? त्यसको अध्ययन गरिएको छ । उनीहरूको सामाजिक अवस्थाको अध्ययन गरी विश्लेषणको क्रममा महिलाहरूलाई सामाजिक क्रियाकलाप, आर्थिक क्रियाकलाप सहभागी गराई उनीहरूको आर्थिक, सामाजिक विकासमा प्रभाव पुग्ने देखिन्छ । यस क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक, शैक्षिक अवस्था र महिला सशक्तिकरणको स्थितिमा सुधार ल्याउनको लागि निम्न सुझावहरू प्रस्तुत गरिन्छ ।

### ५.२.१ नीति सम्बन्धी सुझावहरू (Policy Related Recommendations)

- महिलाहरुले गर्ने घरेलु कामको मूल्याङ्कन गर्ने उपयुक्त पद्धतिको विकास सरकारी स्तरबाट गरिनु अति आवश्यक छ ।
- ग्रामीण समाजमा पिछाडिएका महिलाहरुलाई लक्षित गरी सिप मूलक सिकाइ बुनाइ, कृषि तालिम आदि सञ्चालन गरी सरकारले आयआर्जनको कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।
- रोजगारीको संरचनामा विविधिकरण गरी रोजगारको अवसर दिई महिलाहरुको आर्थिक स्थितिलाई मजबुत बनाउनुपर्दछ ।
- ४२.५ प्रतिशत महिलाहरूले छोरा जन्माउनु अनिवार्य मानेका छन् । उनीहरूको धारणमा परिवर्तन ल्याई महिला शिक्षक, महिला सशक्तिकरणको माध्यमबाट छोराछोरी दुवै समान रहेको धारणा विकास गराउनुपर्ने देखिन्छ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरू (Practice Related Recommendations)

- हरेक ठाउँको निर्णयक तहमा महिलाहरुको सलग्नता बढाउनुपर्दछ र घरपरिवारमा पनि महिलाको निर्णय क्षमतालाई विकसित गराउने वातावरण तयार गरिनुपर्दछ ।

- राजनैतिक क्षेत्रमा महिलाहरुको सहभागितालाई जोड दिनुपर्छ किनकी उनीहरुले आफ्नो समस्यालाई आफै माथिल्लो तहसम्म पुऱ्याउन सक्नु ।
- समाजमा दाइजो लिनेदिने कार्य ३२ प्रतिशत महिलाहरूले ठिक हो भनेका छन् । स्थानीय सरोकारवाला निकाय र महिला सम्बन्धी कार्य गर्ने संस्थाको मिलेमत्तोमा लिङ्गिय समानताको विकास गरी लैङ्गिक समानताको धारणा विकास गराउनुपर्ने देखिन्छ ।

### ५.२.३ आगामी अनुसन्धान सँग सम्बन्धित सुझाव (Further Related Recommendations)

यस अध्ययनसँग आवद्ध भएर महिलाहरू सशत्तिकरणले उनीहरको आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्दा आगामी नयाँ अनुसन्धान कर्ताहरूलाई निम्न सहयोग मिल्नेछ ।

- भूमि स्वामित्वले महिला सशक्तिकरणको क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्ने ।
- चकचकी गा.वि.स. का सम्पूर्ण वडाहरुमा महिला सशक्तिकरणले पारेको प्रभाव अध्ययन गर्न सकिन्छ ।
- पारिवारिक व्यक्तिगत निर्णयमा महिला सशक्तिकरणले पारेको प्रभावको अध्ययन गर्न सकिन्छ ।

# सन्दर्भसामग्री (References)


अधिकारी, लिला (२०६२), महिला सशक्तिकरण एवम् निर्णय प्रकृयामा महिलाहरूको भूमिका, अप्रकाशित, शोधपध : समाजशास्त्र विभाग, काठमाडौं : पाटन संयुक्त क्याम्पस ।

जोशी, नारायण प्रसाद (२०६८), महिला सशक्तिकरणले उनीहरूको सामाजिक तथा आर्थिक विकासको पुऱ्याएको योगदान : एक अधययन रानागाउँ गा.वि.स., डोटी जिल्ला अप्रकाशित शोधपत्र, कीर्तिपुर : शिक्षासंकाय अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि.वि. ।

कोइराला, लक्ष्मी कुमार (२०६७), महिला सशक्तिकरण र सहकारी, काठमाडौं : राष्ट्रिय महिला आयोग ।

पौडेल, आनन्द (२०६२), लैङ्गिक समविकास शिक्षा, भक्तपुर : शिक्षा विभाग, लैङ्गिक समविकास शाखा ।

शर्मा, ममता (२०६९), महिला अधिकार क्षेत्रका उपलब्धि, काठमाडौं : अन्नपूर्ण पोष्ट दैनिक ।

राष्ट्रिय महिला आयोग (२०६६), लैङ्गिक परीक्षण के, किन र कसरी, काठमाडौं : राष्ट्रिय महिला आयोग ।

राष्ट्रिय महिला आयोग (२०६६), महिला अधिकार, काठमाडौं : राष्ट्रिय महिला आयोग ।

खनाल (२०६६), महिला अधिकार र सशक्तिकरणको सन्दर्भमा लैङ्गिक सहभागिता, काठमाडौं : राष्ट्रिय महिला आयोग ।

पौड्याल, भोजराज (२०६७), नेपाली महिलाको आर्थिक अवस्था र अर्थतन्त्रमा योगदानको संक्षिप्त अध्ययन, अप्रकाशित अध्ययन प्रतिवेदन, काठमाडौं : राष्ट्रिय महिला आयोग ।

सुवेदी, खगेन्द्र तथा सुवेदी संगिता (२०६९) : मुख्य महिला कार्यकता दिग्दर्शन, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

कानुन किताब व्यवस्थापन समिति (२०६३), नेपालको अन्तरिम संविधान २०६३ काठमाडौं कानुन किताब व्यवस्था समिति ।

राष्ट्रिय महिला आयोग (२०६७), वार्षिक प्रतिवेदन २०६६/०६७, काठमाडौं : राष्ट्रिय महिला आयोग ।

सुवेदी, श्रीधर (२०६९), महिला सशक्तिकरणले उनीहरूको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान : हलटार गा.वि.स. दाङ्ग जिल्ला : अप्रकाशित शोधपत्र, कीर्तिपुर : शिक्षाशास्त्र संकाय, अर्थशास्त्र विभाग, त्रि.वि.वि. ।

राई, सिता (२०६७), महिलाहरूको आर्थिक तथा शैक्षिक अवस्था : इभाग गा.वि.स. इलाम जिल्ला अप्रकाशित शोधपत्र कीर्तिपुर शिक्षाशास्त्र संकाय अर्थशास्त्र विभाग, त्रि.वि.वि. ।

जि.वि.स. प्रोफाइल (२०६९), जिल्ला समितिको कार्यालय, झापा ।

गा.वि.स. वस्तुगत विवरण (२०६८), गा.वि.स.को कार्यालय चकचकी, झापा ।

राष्ट्रिय महिला आयोग (२०६६), लैङ्गिक परीक्षण के किन र कसरी, काठमाडौं : राष्ट्रिय महिला आयोग ।

लुइटेल, समीरा (२०६२), सशक्तिकरण के र कसरी ?, काठमाडौं : सेडा ।

त्रिभुवन विश्वविद्यालय (१९९७), जनसङ्ख्या सर्वेक्षण, काठमाडौं : केन्द्रीय जनसङ्ख्या अध्ययन विभाग ।

Acharya, Meena with Puspa Acharya (1997). Gender Equality and Empowerment of Women, UNFPA, Kathmandu, Nepal.

Bhasin, K. (1992). Education for women's empowrement some reflections. Kathmandu, CEDA.

Kersberg, S. (1992). Transforming power: domination, empowerment and education. New York : State University.

UNDP (1995). Human development report 1995, USA : New York.

Bennett, L. (1993). Dangerous Wives and Sacred Sisters, New York : Columbia University.

CERID (1986b). Education of girls and and women in Nepal, Kathmandu : Tribhuvan University.

Bhasin Komala and Sunita Dhar (1998). Joining hands to develop women power a report of South Asian workshop on Gender and sustainable development, Kaitta, Bangladesh.

# अनुसूची १

१. परिचय :

उत्तरदाताको नाम : मिति :

उमेर : जिल्ला :

जात : न.पा./गा.वि.स :

धर्म : वडा नं :

लिङ्ग : नगरटोल :

वैवाहित स्थिति : शिक्षा :

पेशा :

२. पारिवारिक विवरण दिनुहोस् ।

| क.सं. | नाम | लिङ्ग | उमेर | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

३. तपाईको प्रमुख आम्दानीको स्रोत के हो ?

क) कृषि ख) व्यापार ग) नोकरी घ) अन्य

४. तपाईको घरमा आर्थिक कारोबार कसले सञ्चालन गर्दछ ?

क) पुरुषले ख) महिलाले

५. तपाईको घरको काममा पुरुषको सहयोग कतिको पाउनुहुन्छ ?

क) पाउँछु ख) पाउँदिन ग) अलिअलित मात्र पाउँछु

६. तपाईको विवाह कति वर्षका भयो ?

७. तपाईले विवाह कसरी गर्नुभयो ?

क) अभिभावकको निर्णयमा ख) आफ्नै निर्णयमा

८. छोरा वा छोरीलाई कसरी बढी मह□व दिनुहुन्छ ?

क) छोरा ख) छोरी ग) दुवै

अ) किन छोरालाई बढी मह□व दिनुहुन्छ ?

..............................................................................................................

आ) किन छोरीलाई बढी मह█व दिनुहुन्छ ?

..........................................................................................................

इ) किन छोराछोरी दुवै बराबर लाग्छन् ?

..........................................................................................................

९. तपाईलाई घरको काममा छोरा वा छोरी कसले बढी सहयोग गर्दछ ?

क) छोरा ख) छोरी ग) दुवैले घ) दुवैले गर्दैनन्

१०. तपाई रजस्वला हुँदा छुट्टै बस्नुहुन्छ ?

क) बस्छु ख) बस्दीन ग) अन्य

११. तपाईको विचारमा महिलाले पनि पुरुष सरह सम्पूर्ण क्षेत्रमा समान अधिकार पाइराखेको छ जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ ख) लाग्दैन ग) थाहा छैन

१२. तपाईलाई महिला सशक्तिकरणका बारेमा के थाहा छ ?

..........................................................................................................

१३. तपाईले हाल महिलाको अवस्था कस्तो देख्नु भएको छ ?

..........................................................................................................

१४. आर्थिक विकासमा महिला सशक्तिकरणले कस्तो प्रभाव पार्ला ?

क) सकारात्मक ख) नकारात्मक ग) खासै प्रभाव पर्दैन

१५. यदि सरकारले हाल महिला सशक्तिकरण सम्बन्धी गरेका व्यवस्था बारे तपाईलाई के थाहा छ ?

क) केही थाहा छैन ख) थाहा छ ग) अलिअलि थाहा छ

१६. यदि सरकारले हाल महिला सशक्तिकरण सम्बन्धी गरेको व्यवस्था बारे तपाईलाई थाहा छ भने के थाहा छ ?

..........................................................................................................

१७. महिला सशक्तिकरणले आर्थिक विकासमा कस्तो सहयोग पुऱ्याउला ?

..........................................................................................................

१८. हाल महिला माथि हुने गरेको शारीरिक तथा श्रम शोषणले महिलाको आर्थिक र सामाजिक रूपमा प्रभाव पार्छ वा पार्दैन ?

क) पार्दछ ख) पार्दैन

अ)	प्रभाव पार्दछ भने किन पार्दछ ?

.............................................................................................

आ)	पार्दैन भने किन पार्दैन ?

.............................................................................................

१९.	तपाईको परिवारको आम्दानी कति हुन्छ ?

| क.सं. | शीर्षक | आय रु मा |
|---|---|---|
| १ | कृषिबाट | |
| २ | नोकरीबाट | |
| ३ | व्यापारबाट | |
| ४ | वैदेशिक रोजगार | |
| ५ | ज्याला मजदुरी | |

२०.	तपाईले वर्षमा कति आम्दानी गर्नुहुन्छ ?

| वार्षिक आम्दानी | सङ्ख्या |
|---|---|
| १-२ लाख | |
| २-४ लाख | |
| ४-६ लाख | |
| ६-८ लाख | |
| ८ लाख माथि | |

२१.	तपाईले वार्षि कति खर्च गर्नुहुन्छ ?

| वार्षिक खर्च | सङ्ख्या |
|---|---|
| १-२ लाख | |
| २-४ लाख | |
| ४-६ लाख | |
| ६ लाख माथि | |

२२.	निम्न कामहरू कसले गर्छ ?

| क.सं. | कामको विवरण | महिला | पुरुष | दुवै |
|---|---|---|---|---|
| क | खाना पकाउने | | | |
| ख | घरको सफाइ | | | |
| ग | कपडा धुने | | | |
| घ | भाडा माझ्ने | | | |
| ङ | किनमेल गर्ने | | | |
| च | छोराछोरीलाई विद्यालय पठाउने | | | |
| छ | खेती लगाउने | | | |
| ज | गाउँको छलफलमा जाने | | | |
| झ | पाउनाको स्वागत सत्कार गर्ने | | | |
| ञ | ऋण लिनेदिने | | | |

२३.	तपाईलाई परिवार नियोजन सम्बन्धी जानकारी छ ?

क) छ	ख) छैन

२४.	परिवार नियोजनका अस्थायी साधनको प्रयोग गर्ने गर्नुभएको छ ?

क) छ	ख) छैन

२५.	अस्थायी साधनको प्रयोग गर्नुहुन्छ भने कसले प्रयोग गर्नुहुन्छ ?

क) आफैले	ख) श्रीमानले

२६.	अस्थायी साधनको प्रयोग गर्नुहुन्न भने किन ?

क) थाहा नभएर	ख) झन्झट लागेर	ग) अन्य

२७.	तपाईलाई गर्भपतनको बारेमा थाहा छ ?

क) थाहा छ	ख) थाहा छैन

२८.	तपाईको विचारमा गर्भपतन गर्नु ठिक हो वा होइन ?

क) ठिक हो	ख) ठिक होइन	ग) थाहा छैन

२९.	तपाईको परिवारनको जग्गा कति रहेको छ ?

| कट्ठा | सङ्ख्या |
|---|---|
| १–५ | |
| ५–१० | |
| १०–१५ | |
| १५–२० | |
| २० माथि | |
| जम्मा | |

३०.	तपाईको नाममा जग्गा छ/छैन ?

क) छ	ख) छैन

३१.  तपाईलाई दाइजो प्रथा कस्तो लाग्छ ?

क) ठिक        ख) बेठिक

३२.  घरको कुनै पनि निर्णय कायमा तपाईको सहभागिता हुन्छ कि हुँदैन ?

क) हुन्छ        ख) हुँदैन        ग) अलिअलि हुन्छ

३३.  तपाईको कस्तो प्रकारको परिवार हो ?

क) एकल        ख) संयुक्त

३४.  तपाईको विचारमा छोरीले पनि पढ्नु आवश्यक छ जस्तो लाग्छ या लाग्दैन ?

क) आवश्यक छ        ख) आवश्यक छैन

३५.  महिला आर्थिक रूपमा सक्षम हुँदा समाजमा हुनसक्ने सकारात्मक पक्षका बारेमा तपाईको धारणा कस्तो छ ?

.....................................................................................................

३६.  तपाई आफ्नो समाजमा सम्पूर्ण महिलाहरूलाई आर्थिक रूपमा सक्षम बनाउन के कुरा आवश्यक ठान्नुहुन्छ ?

.....................................................................................................

३७.  तपाईको विचारमा महिलाहरूको महिला सशक्तिकरणको लागि कस्तो किसिमको कार्यक्रम सञ्चालन गर्न आवश्यक ठान्नुहुन्छ ?

.....................................................................................................

३८.  तपाई हाल महिला र पुरुषबिच कस्तो किसिमको भेदभाव देख्नुभएको छ ?

.....................................................................................................

३९.  महिला र पुरुष बिचको भेदभाव अन्त्य गर्न तपाईको विचारमा के गर्नुपर्दछ ?

..............................................................................................

४०.  तपाईको विचारमा महिलाहरूलाई पुरुष सरह सम्पूर्ण क्षेत्रमा समान अधिकार दिन के गर्नुपर्छ ?

..............................................................................................

## अनुसूची २

## लक्षित समूह छलफल निर्देशिका

क) लक्षित समूह छलफल सञ्चालन गर्नुपूर्व २५/३० जनाको समूह निर्माण गर्नुपर्दछ ।

ख) समूह निर्माण गर्दा एउटै पृष्ठभूमि र विशेषता भएका सदस्यहरूको समूह हुनुपर्दछ ।

ग) लक्षित समूह छलफलको लागि उपयुक्त स्थान निर्धारण गरेको हुनुपर्दछ ।

घ) लक्षित समूह छलफल प्रभावकारी बनाउन गोलो चतुर्भज वा यू आकारको टेबलामा राखी सञ्चालन गर्नुपर्दछ । जसको सहयोगमा छलफललाई रेकर्ड गर्न सजिलो होस ।

ङ) संकलित तथ्याङ्कहरूलाई विभिन्न संकेत र शीर्षकमा वर्गीकरण गरी अनुसन्धानको उद्देश्य अनुसार विश्लेषण गर्नुपर्दछ ।

लक्षित समूह छलफलका लागि तयार गरिएको प्रश्नावली

क) महिलाहरूको पारिवारिक वार्षिक आम्दानी कति रहेको छ ?

ख) महिलाहरूको पारिवारिक आम्दानीका स्रोतहरू के के हुन् कति कति आम्दानी गर्दछ ।

ग) महिलाहरूको पारिवारिक खर्च कुन कुन क्षेत्रहरूमा कति कति खर्च गरेको छ ?